
# लेखापरीक्षण प्रतिवेदन

# सप्तकोशी नगरपालिका, सप्तरी

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## सप्तकोशी नगरपालिका, सप्तरी

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/183

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री नगर प्रमुखज्यू,
सप्तकोशी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
सप्तरी।

**कैफियतसहितको राय।**

हामीले सप्तकोशी नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानिय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेश गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानिय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान( नगदमा आधारित ) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। नगरपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू. १० करोड १७ लाख ७ हजार र एकिकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू. १० लाख ८० हजार समेत गरी रू. १० करोड २७ लाख ८७ हजार समावेश गरेको छैन।

२. नगरपालिकाको लागि संघीय सरकारबाट सशर्त अनुदान रू.९ करोड ७३ लाख ६५ हजार, समपूरक अनुदान रू. ८३ लाख १२ हजार र विशेष अनुदान रू. ४९ लाख १ हजार समेत रू. ११ करोड ५ लाख ७८ हजार प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रू. ४ करोड ५६ लाख ९९ हजार बचत रहेको छ। उक्त रकम मिति २०८१/०३/२८ मा सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको छ।

३. नगरपालिकाको रू. ७६ करोड ४१ लाख ४२ हजार लेखापरीक्षण गरिएकोमा रू.६७ लाख ४४ हजार बेरूजू देखिएको छ। सो सम्बन्धमा रू. २ लाख ७ हजारको प्रतिक्रियाबाट फस्यौंट भई बाँकी बेरूजूमा असुल गर्नुपर्ने रू. ६ लाख २० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रू. ४४ लाख २९ हजार र नियमित गर्नुपर्ने रू.१४ लाख ८८ हजार समेत यस वर्ष रू ६५ लाख ३७ हाजर बेरूजू कायम रहेको छ। गत वर्षसम्म रू. २३ करोड ४ लाख ८७ हजार बेरूजू बाँकी रहेकोमा यस वर्ष समायोजन र फस्यौंट एवं यस वर्ष कायम बेरूजू समेत हालसम्मको अद्यावधिक बेरूजू रू. २३ करोड ६२ लाख ७४ हजार रहेको छ। **बेरूजू वर्गीकरण, अद्यावधिक बेरूजू स्थिति र बेरूजू सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।**

४. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य व्यहोरा**

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा यस प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( ईन्द्र प्रसाद आचार्य )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

**चालु वर्षको बेरुजु**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेश्की |
| ७४ | ३६ | ६७,४३,६०८ | ० | १६ | २,०६,९६६ | ० | ७४ | २० | ६५,३६,६४२ | ६,२०,१६९ | १४,८८,१०० | ४४,२८,३७३ | ० | ० | ५९,१६,४७३ | ० |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सप्तरी | 230487००० | ० | ७४९७६७ | २२९७३७२३३ | ० | ६५,३६,६४२ | २३६२७३८७५ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ४३ | विभिन्न बैठकको दिन भ्रमण खर्च | ५,२०० |
| २ | २०८०/८१ | ७५ | विद्यालय दिवा खाजा | १४,३६६ |
| ३ | २०८०/८१ | ५१ | बिल पेश नभएको | १,१०,००० |
| ४ | २०८०/८१ | ४५ | न्यायिक समिति अनुगमन भत्ता | ४५,९०० |
| ५ | २०८०/८१ | ४४ | कार्यक्रम अनुगमन भत्ता | १०,२०० |

| | | | | |
|---|---|---|---|---|
| ६ | २०८०/८१ | ५२ | कर कट्टी | १,८९० |
| ७ | २०८०/८१ | ७८ | अनुगमन खर्च बढी भुक्तानी | ६,८०० |
| ८ | २०८०/८१ | ४८ | अतिथि सत्कार खर्च | १०,५०० |
| ९ | २०७९/८० | ३३ | स्रेस्ता पेश गर्ने | ३,००,००० |
| १० | २०७९/८० | ६४.४ | शिक्षा तर्फ | ५९,१९१ |
| ११ | २०७९/८० | 96 | व्याकलोडर वापतको आम्दानी कम दाखिला | ९,४१४ |
| १२ | २०७९/८० | 34.3 | मालसामान खरिदमा १५% ओभरहेड भुक्तानी | ४,२९० |
| १३ | २०७९/८० | 82 | पोषण कार्यक्रम | ११,२०० |
| १४ | २०७९/८० | 97 | पोखरी राजस्व | १,०१,००० |
| १५ | २०७९/८० | 47 | कर कट्टी | १,३१,७९७ |
| १६ | २०७९/८० | 88.2 | कम्प्युटर तालिम | ३,००० |
| १७ | २०७८/७९ | 30.4 | राजस्वतर्फ | १,२०० |
| १८ | २०७७/७८ | 39.3 | शिक्षातर्फको दिवा खाजा एवम पाठ्यपुस्तक र छात्रवृति | ४,९०० |
| १९ | २०७७/७८ | 76 | वैठक भत्ता | ४०,३७५ |
| २० | २०७७/७८ | 81.2 | बैठक भत्ता सरहका भत्ताहरु | ७६,५०० |
| २१ | २०७७/७८ | 77 | पदाधिकारीको सेवा सुविधा भुक्तानी | ६,९०० |
| २२ | २०८०/८१ | 26 | पेश्की फिर्ता | २,११० |
| जम्मा | | | | ९,५६७३३ |

# (८०२१५४०७३०० - सप्तकोशी नगरपालिका, सप्तरी )

## परिचय

१

**(क) कार्यालय परिचय** :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व तथा पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकाको वडा संख्या ११, सभा सदस्य ६०, क्षेत्रफल ६०.२ वर्ग कि.मी. र जनसंख्या २७ हजार रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हो।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।८।८ देखि २०८०।८।१३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** :- पालिकाको आय – व्ययतर्फ रु. ८३,०९,२१,०३०.४७ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १०,४४,९२५।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | विवरण | रकम रु. |
|---|---|---|
| १ | ४ जना कर्मचारीहरुको पारिश्रमिक कर कट्टी नगरेको रकम रु.२३,९९१ मिति ०८१।८।१९ मा बेरुजु दाखिला भएको | २३९९१ |
| २ | जिवस प्रसाद साहको बहुक्षेत्रीय पोषण कार्यक्रममा घटी कर कट्टी भएको रकम रु. ११,८१५ मिति ०८१।८।१६ मा बेरुजु दाखिला भएको | ११८१५ |
| ३ | अमित चौधरीको तरकारी तथा च्याउको बिउ वितरण कार्यक्रममा घटी कर कट्टी भएको रकम रु. १,४४० मिति ०८१।८।२५ मा बेरुजु दाखिला भएको | १४४० |
| ४ | आर्यन कन्स्ट्रक्शनको धरौटी रकम सदरस्याह गरी पालिकाको आन्तरिक राजस्वमा खातामा मिति ०८१।८।२५ मा दाखिला भएको | ५३८६०१ |
| ५ | उपभोक्ता समितिलाई बढी भुक्तानी भएको रु. १,०९,९७८।०० मिति ०८१।८।१६ मा बेरुजु दाखिला भएको | १०९९७८ |
| ६ | पदाधिकारीहरुलाई मासिक बैठक भत्ता भुक्तानी गर्दा नियमानुसार भन्दा रु. ३,५९,१००।०० घटी कर कट्टी गरेको देखिएकोमा पालिकाले २०८१।८।२४ मा उक्त रकम असुल गरी पालिकाको आन्तरिक राजस्व खातामा दाखिला गरेको | ३५९१०० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तिय विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

२.१ **प्राप्ति भुक्तानी हिसाब-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम सप्तकोशी नगरपालिका, सप्तरीले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आर्थिक वर्ष २०८०।८१ मा प्राप्ती र भुक्तानी हिसाबको समग्र संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ ।

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | |
|---|---|---|---|---|---|
| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | | ७,२३,६६,२७८.१३ | ० | ७,२३,६६,२७८.१३ |
| १३००० | अनुदान | | १९,७२,१०,३१९.४४ | ० | १९,७२,१०,३१९.४४ |
| १४००० | अन्य राजस्व | | ९५,२१,३११.४२ | ० | ९५,२१,३११.४२ |
| १५००० | विविध प्राप्ति | | ९,५९,७१५.०० | ० | ९,५९,७१५.०० |
| क | **कुल जम्मा प्राप्ति** | | २८,००,५७,६२३.९९ | | २८,००,५७,६२३.९९ |
| | चालु | | २१,०५,५९,४८९.२९ | ० | २१,०५,५९,४८९.२९ |
| २१००० | पारिश्रमिक / सुविधा | | १३,२५,७९,०१७.०३ | ० | १३,२५,७९,०१७.०३ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ६,३८,४६,०९१.५९ | ० | ६,३८,४६,०९१.५९ |
| २३००० | स्थिर सम्पत्तिको उपभोग खर्च | | १,९५,०००.०० | ० | १,९५,०००.०० |
| २५००० | सहायता (Subsidy) | | ५५,२३,८३०.०० | ० | ५५,२३,८३०.०० |
| २६००० | अनुदान | | ६,२२,०००.०० | ० | ६,२२,०००.०० |
| २७००० | सामाजिक सुरक्षा | | ६१,८९,६१०.६७ | ० | ६१,८९,६१०.६७ |
| २८००० | अन्य खर्च | | १६,०३,९४०.०० | ० | १६,०३,९४०.०० |
| | पूंजीगत | | ५,९१,७५,६४१.५२ | ० | ५,९१,७५,६४१.५२ |
| ३१११० | भवन तथा संरचना | | २,२२,६५,६०९.०० | ० | २,२२,६५,६०९.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ११,८०,९३९.०० | ० | ११,८०,९३९.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | १२,९९,९२७.०० | ० | १२,९९,९२७.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ३,३७,४५,०७३.५२ | ० | ३,३७,४५,०७३.५२ |
| ३११६० | निर्मित संरचनाको सुधार खर्च | | ३,२९,१०३.०० | ० | ३,२९,१०३.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | ३,५४,९९०.०० | ० | ३,५४,९९०.०० |
| ख) | कुल जम्मा भुक्तानी | | २६,९७,३५,१३०.८१ | | २६,९७,३५,१३०.८१ |
| ग) | बचत /कमी (ग = क-ख ) | | १,०३,२२,४९३.१८ | | १,०३,२२,४९३.१८ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | (२४,८१,७५६.००) | | (२४,८१,७५६.००) |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | ७८,४०,७३७.१८ | | ७८,४०,७३७.१८ |

| | | | | | |
|---|---|---|---|---|---|
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ६,६७,७९,००७.६७ | | ६,६७,७९,००७.६७ |
| छ) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ७,४६,१९,७४४.८५ | | ७,४६,१९,७४४.८५ |

२.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) प्रयोगमा रहेको छ। स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले CGAS प्रणाली मार्फत गरेको खर्चहरु सामाजिक सुरक्षा तथा संरक्षणको रु. १०,१७,०७,९६१।०० र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. १०,८०,०००।०० समेत गरी रु. १०,२७,८७,९६१।०० सुत्रबाट तयार गरेको वार्षिक प्रतिवेदनमा समेटेको छैन । उल्लिखित अवस्थाले पालिकाले तयार गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) ले पालिकाको समग्र आर्थिक कारोवारको यथार्थ अवस्था चित्रण गरेको छैन । पालिकामा भएको सबै आर्थिक कारोबार स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र)मा लेखाङ्कन भई प्रतिवेदन हुने गरी व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको हिसाव भिडान गरी आम्दानी खर्च र मौज्दात यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु. ६,७७,३५,५६२।५७ मौज्दात रहेकोमा यो वर्ष एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार रु. ६,६७,७९,००७।६७ जिम्मेवारी सारेको छ । गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ९,५६,५५४।९० घटी जिम्मेवारी सारेको देखिन्छ । घटी जिम्मेवारी सारेको सम्बन्धमा सञ्चित कोषमा बढी आम्दानी जनाएको रकम रु. ८,०३,५०६।९० सुत्र द्वारा सञ्चित कोषको आ.ब.२०८०।८१ को भौ नं. ८१ बाट श्रोत समायोजन गरी आन्तरिक श्रोतमा आम्दानी देखाएको छ । त्यसैगरी गतवर्षको दायित्व दाखिला गर्न बाँकी रु. १,५३,०४८।०० विविध कोषमा आम्दानी गरी दायित्व दाखिला भएको विवरण पेश भएको छ ।

२.४ **फरक हिसाब** - पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) बमोजिम बैँक तथा नगद बाँकी रु. ७,४६,१९,७४४।८५ पेश गरेकोमा बैँक नगदी किताब ( श्रेस्ता ) अनुसार रु. ७,४५,४८,८७८।८५ बाँकी देखिन्छ । जस अनुसार रु. ७०,८६६।०० फरक पर्न गएको सम्बन्धमा हिसाब यकिन गरी समायोजन गर्नुपर्दछ ।

२.५ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ।वर्षान्तमा पालिकाको वैंक नगदी कितावको अन्तिम मौज्दात भन्दा वैंक खातामामा देहायअनुसार रु. १,८४,५५०।४४ बढी देखिन्छ । अन्तिम मौज्दात फरक सम्वन्धमा ऐनको व्यवस्था अनुसार बैङ्क हिसाब मिलान विवरण तयार हुनु पर्दछ ।

| खाताकोप्रकार | श्रेस्ता अनुसारबाकी रु | बैंक अनुसार बाकी रु | फरक |
|---|---|---|---|
| विविध खर्च/ कोष खाता | ९७७८११.०० | ९७७८११.०० | ०.०० |
| स्थानीय तह धरौटी खाता | १८५०११३३.२५ | १८५०१४३३.२५ | ३००.०० |
| स्थानीय तह सञ्चित कोष खाता | ५५१४०८००.६० | ५५३२५०५१.०४ | १८४२५०.४४ |
| **जम्मा** | **७४६१९७४४.८५** | **७४८०४२९५.२९** | **१८४५५०.४४** |

३ **कोषहरुको अभिलेख**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा पालिका अन्तर्गतका अस्पताल, स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रहरुमा रहेका कोष तथा साविक गाउँपालिकाका खाताहरुमा रहेको सबै मौज्दात एकीकृत गरी अभिलेख राखेको छैन । पालिकाले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरुको अभिलेख अद्यावधिक गरि पालिकाको वास्तविक सम्पत्तीको अभिलेख पेश हुनुपर्दछ ।

४ **अनुदान फिर्ता**

विनियोजन ऐन, २०८० को दफा ४(१२) अनुसार संघीय सरकारबाट वित्तीय हस्तान्तरण भएका सशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी कोशी प्रदेश विनियोजन ऐन, २०८० को दफा ४(१०) अनुसार प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भएका सशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष संघीय सरकारबाट वित्तीय हस्तान्तरण भएका समानिकरण अनुदान बाहेकको अनुदानतर्फको खर्च नभई बचत भएको रु. ४,५६,९९,६८०।५६ संघीय सञ्चित कोषमा २०८१।३।२८ मा फिर्ता गरेको छ ।

५ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नु पर्ने र दफा ७३ मा स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाको उपाध्यक्षले २०८०।०३।१० मा रु. ४१ करोड ५७ लाखको बजेट सभामा पेश गरेकोमा २०८०।३।१० मा पारित भई पालिकाको अध्यक्षले २०८०।०३।१३ मा प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । नियमानुसार अख्तियारी प्रदान भएपश्चात पालिकाको आर्थिक प्रशासन सम्बन्धी कार्यहरु ( लागत अनुमान स्वीकृती, ठेक्का स्वीकृती, सम्झौता, भूक्तानी सिफारिस, लगायत ) नगर प्रमुखबाट स्वीकृत हुने गरेको पाइयो । प्रमुख प्रशासकिय अधिकृतले निर्णय गर्ने अख्तियारी पाएका उल्लिखित प्रकृतीका प्रशासनिक काम कारवाही पुनः पालिका प्रमुखबाट निर्णय गराउने पद्वतिमा सुधार हुनुपर्दछ ।

६ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तयारी लगायत कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले समितिको गठन गरेता पनि ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना गर्नेतर्फ पदाधिकारीहरुको ध्यान जानुपर्दछ ।

७ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ । उल्लेखित अनुसार समिति गठन गरेको भए तापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको देखिदैन । बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

८ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । त्यस्तै स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा वडागत र पालिकास्तरका कुल १५२ योजनामा रु. १३ करोड २५ लाख ०८ हजार विनियोजन गरेकोमा ४० वटा योजना कार्यान्वयन भएको पाइएन । पालिकामा सञ्चालन भएको कुल ११२ वटा योजनाहरुमा देहायअनुसार रु. ५ करोड ९१ लाख ७५ हजार खर्च भएको छ ।

| विवरण | विनियोजित योजना संख्या | खर्च रकम रु हजारमा |
|---|---|---|
| १ लाख भन्दा कम | ५४ | १८९६ |
| १ लाख देखी ५ लाख सम्म | ६१ | १५७८९ |
| ५ लाख देखी १० लाख सम्म | १४ | ७९३० |
| १० लाख देखि २० लाख सम्म | ११ | १०११८ |
| २० लाख भन्दा माथी | १२ | २३४४२ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

९ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्र समेटिने गरी बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छः

| क्र.स | क्षेत्र | बजेट | खर्च | कुल खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५०६३६६५.०० | १६९२०७४८.०० | ६.२७ |
| २ | सामाजिक विकास | १५०२८१०००.०० | ११७२५२१११.९६ | ४३.४७ |
| ३ | पूर्वाधार विकास | ७३०७८६१०.०० | ३८८३१४७६.०० | १४.४० |
| ४ | वातावरण तथा विपद व्यवस्थापन | ५२३१०००.०० | ३०९५६८६.०० | १.१४ |
| ५ | वित्तिय व्यवस्थापन र सुशासन | ५५०८२१५०.०० | ३५४६४४४९.०६ | १३.१५ |
| ६ | कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | ८१५६११९९.३२ | ५८१७०६५९.७९ | २१.५७ |
| **जम्मा** | | **४१५८७०६०९.३१** | **२६९७३५१३०.८१** | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ४३.४७ प्रतिशत र वातावरण तथा विपद व्यवस्थापन क्षेत्रमा सबै भन्दा घटीमा १.१ प्रतिशत रहेको छ । पालिकाको एकीकृत, समानुपातिक र दीगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ ।

१० **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक

पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | ५९१७५ | १०७ | ४२८८ | १८१९ | ५२९६१ | ३३९५९ |
| प्रतिशत | १०० | ०.१८ | ७.२५ | ३.०७ | ८९.५० | ५७.३९ |

पालिकाले रु. ५ करोड ९१ लाख ७५ हजार पुँजिगत खर्च गरेकोमा प्रथम त्रैमासिकमा रु. १ लाख ७ हजार (०.१८ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ४२ लाख ८८ हजार (७.२५ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. १८ लाख १९ हजार (३.०७ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ५ करोड २९ लाख ६१ हजार (८९.५० प्रतिशत) खर्च गरेको देखिएको छ । आर्थिक वर्षको अन्तिम महिना आषाढमा मात्र रु. ३ करोड ३९ लाख ५९ हजार (५७.३९ प्रतिशत) खर्च देखिनुले अन्तिम त्रैमासिक तथा आषाढमा खर्चको चाप वृद्धि भई खर्च व्यवस्थापन सन्तुलित भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## ११ खर्च बिश्लेषण

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. १ करोड ३५ लाख २० हजार, गत आर्थिक वर्षको मौज्दात रु. ४ करोड ४८ लाख १८ हजार, राजस्व बाँडफाँटबाट रु. ६ करोड ८५ लाख २४ हजार र अनुदानबाट रु. १९ करोड ७२ लाख १० हजार समेत रु. ३२ करोड ४० लाख ७२ हजार आम्दानी भएकोमा चालु तर्फ रु. २१ करोड ५ लाख ६० हजार र पूँजिगत तर्फ रु. ५ करोड ९१ लाख ७५ हजार समेत रु. २६ करोड ९७ लाख ३४ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ५.०१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७८.०६ प्रतिशत चालु र २१.९४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । पालिकाको चालु खर्चको स्थितीलाई विश्लेषण गर्दा पदाधिकारीको सेवा सुविधामा रु. १ करोड ६३ लाख ८७ हजार, कर्मचारी पारिश्रमिकमा रु. १ करोड ९३ लाख, करार कर्मचारी पारिश्रमिकमा रु. १ करोड ७१ लाख ३ हजार, बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीको थप तलबमा रु. २७ लाख २० हजार, पालिका अन्तर्गतका निजी शिक्षकको तलब भत्तामा रु. ५६ लाख ३९ हजार समेत रु. ६ करोड ११ लाख ४९ हजार तलब भत्ता तथा पारिश्रमिकमा मात्र खर्च गरेको स्थिती छ जुन आन्तरिक आयबाट प्राप्त रकमको ४.५ गुणा रहेको छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी आन्तरिक आयभन्दा अधिक रकम प्रशासनिक प्रयोजनमा खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

## १२ रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजिगत शिर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले देहायअनुसार आर्थिक वर्ष ०८०।८१ का लागि स्वीकृत भएको रु. ४,१५,२२,९५०।०० बराबरको ७३ योजना तथा कार्यक्रमलाई विभिन्न मितिमा कार्यक्रम संसोधन तथा रकमान्तर गरी बजेट बढाई नयाँ १०५ योजना तथा कार्यक्रममा रु. ५,९७,६०,३९७।०० रकमान्तर गरेको छ । उक्त रकम शुरु वजेटको तुलनामा १४.३८ प्रतिशत रहेको छ ।

| क्र.सं. | शिर्षक | रकमान्तरबाट घटेको | रकमान्तरबाट बढेको |
|---|---|---|---|
| १ | चालु | १६७९५८००.०० | १७४७८३९७.०० |
| २ | पूँजिगत | २४७२७१५०.०० | ४२२८२०००.०० |
| | जम्मा | ४१५२२९५०.०० | ५९७६०३९७.०० |

अत: योजना छनौट गर्दा पर्याप्त अध्ययन नगरी योजना छनौट गर्ने र कार्यान्वियनको क्रममा नयाँ योजना छनौट गर्ने बजेट थपघट गर्ने कार्यमा नियन्त्रण गरी आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

१३ **अबण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले संचालन गरिने कार्यक्रम उल्लेख नगरी निम्नानुसार शीर्षकमा यो वर्ष रु. १३ लाख ८४ लाख अबण्डा बजेट व्यवस्था गरी पटके निर्णयबाट विभिन्न ५ योजना तथा कार्यक्रममा रकम बाँडफाँड गरेर रु. ६ लाख ७१ हजार खर्च गरेको छ । सभाबाट बजेट स्वीकृत भइसकेपछि प्राप्त बजेट र कार्यक्रम स्वीकृत कार्यविधिको आधारमा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्नुपर्नेमा पटक पटक कार्यपालिकाको निर्णयको आधारमा बजेट बाँडफाँड गर्नाले ऐनमा भएको व्यवस्थाको पालना भएको देखिएन । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

| कार्यक्रमको नाम | खर्च शिर्षक | बजेट रकम | खर्च रकम | योजना संख्या | संचालित योजना |
|---|---|---|---|---|---|
| जनतासँग मेयर विकास कार्यक्रम | पालिका चालु | ८३१०००.०० | ६७१५५९.०० | ५ | योग शिविर सञ्चालन, ट्राफिक पोस्ट निर्माण |

१४ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) कार्यालय प्रमुखबाट प्रमाणित गरी नगरसभा बाट पारित गरि यस वर्षको बजेटमा नियमित र चालु प्रकृतिका कार्यक्रमको समेत भुक्तानी बाँकी समावेस गरि गत वर्षको रु.१३,५०,७२५।०० भुक्तानी दिएको छ । ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१५ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७८।१।३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन, २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वियन गर्न परिपत्र गरेको छ । हालसम्म पालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका तयार गरी लागु गरेको छैन । ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वियन गर्नु पर्दछ । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

**वजेट व्यवस्थापन तर्फ**

•स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेखाङ्कन र व्यवस्थापन गरेको देखिएन,

•आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको देखिएन,

•स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन,

•पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको देखिएन,

•वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन,

•शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको देखिएन,

•दीगो विकासका लक्ष्य पुरा गर्न लक्ष्यलाई आन्तरिकीकरण गरी एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन,

•अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गरे तापनि सोको कार्यान्वियन गरेको देखिएन ।

**खरिद व्यवस्थापन तर्फ**

•स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार संघीय सार्वजनिक खरिद ऐनको अधिनमा रही स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गर्न सक्ने व्यवस्था रहेकोमा सो अनुसार पालिकाले नियमावली तर्जुमा गरेको देखिएन,

•स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार न्यूनतम दररेट निर्धारण गर्ने व्यवस्था अनुरुप जिल्ला दरलाई स्वीकृत गरेकोमा स्थानीय स्तरमा सहजै उपलव्ध हुने निर्माण सामाग्री-ढुङ्गा, वालुवा, गिटी, माटो लगायत र वनजन्य विभिन्न काठ दाउरा जस्ता सामाग्रीको दर सार्वजनिक निर्माणको खर्चमा मितव्ययी हुने गरी दररेट पुनरावलोकन गरेको देखिएन,

•सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स बमोजिम तयार गर्नु पर्ने उल्लेख रहेकोमा पालिकाले भौतिक निर्माण कार्यमा साविकको स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, सडक विभाग तथा भवन विभागको नर्म्स प्रयोग गरेकोमा कार्यपालिकावाट भौतिक निर्माण कार्यमा प्रयोग गर्ने नर्म्ममा एकरुपता र मितव्ययी हुने गरी आधिकारिक रुपमा नर्म्सको स्वीकृति र प्रयोग गरेको देखिएन,

•सार्वजनिक खरिद ऐन, २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा सो अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन,

•सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन,

•सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी कार्यान्वयन गर्नुपर्नेमा सो अनुसार पुर्ण रुपमा लागु गरेको देखिएन,

•स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण अनिवार्य गरेको देखिएन,

•उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्ने गरेको देखिएन,

•उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सो को मुल्यांकन नगरेको,

•पालिकाले विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वयन गरेका आयोजनाहरुको कार्यान्वयन अवस्था खुल्ने गरी एकिकृत रुपमा नापी किताव तयार गरेको देखिएन,

•सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्टाफ खर्चमा २ प्रतिशत र सानातिना अन्य खर्चमा २ प्रतिशत समावेश गरी तयार गर्नु पर्ने व्यवस्था रहेकोमा ठेक्का अनुसारको कन्टिन्जेन्सी खाता नराखेकोले उल्लेखित अनुसार खर्च भएको पुष्ट्याई हुने देखिएन,

**शिक्षातर्फ**

•शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षक सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका शिक्षकगत अभिलेख तयार गरेको देखिएन,

•कार्यक्रम कार्यान्वयन पुस्तिकामा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन भएको देखिएन,

•स्थानीय तहले विभिन्न समयमा मातहतमा रहेका विद्यालय अनुगमन गरेकोमा शैक्षिक गुणस्तर सुधार हुने गरी अनुगमन गर्ने मापदण्ड तयार गरी अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने गरेको देखिएन,

•संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति र अभिलेख व्यवस्थित रहेको देखिएन,

**विविध तर्फ**

•मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई आर्थिक वर्षको अन्तमा मात्र दिएको,

•कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

•सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

•कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,

•विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,

•विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रमको मापदण्ड तयार नगरेको,

•बेरुजु लगतका लागि तयार गरिएको म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरुप बेरुजुको अभिलेख नराखेको ,

•मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फछ्यौट तथा सम्परीक्षण कार्य नगरेको,

•निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) वमोजिम सवै कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको,

**इन्धन तथा मर्मत खर्च तर्फ**

•म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखेको भए तापनी सवारी साधन अनुरुप प्रयोग खुल्ने गरी अद्यावधिक नभएको,

•जिन्सी मालसामान, मेशिनरी वा सवारी साधन मर्मत गर्नुपर्ने भएमा म. ले. प. फाराम ९१४ बमोजिम मर्मत आदेश स्वीकृत गराएकोमा म. ले. प. फाराम ९१५ बमोजिम मर्मत अभिलेख नराखेको

उपरोक्त अनुसार पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई नियमित, मितव्ययी र प्रभावकारी बनाउन उल्लेखित व्यहोरा सुधार हुने गरी ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वियन गर्नु पर्दछ ।

**१६ जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९, ९४, ९५ र ९६ अनुसार जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई कार्यालयमा मौज्दात जिन्सी सामाग्रीको अभिलेखाङ्कन गरेको विवरणमात्र प्राप्त भएको छ । पालिकाले नियमावलीमा उल्लेख भए बमोजिम जिन्सी प्रतिवेदन तयार गरि जिन्सी श्रेस्ता अध्यावधिक बनाउनु पर्दछ ।

• पालिकाले मिति २०८१।४।३२ मा पेश भएको जिन्सी निरीक्षणको अभिलेखमा लिलाम विक्री तथा मर्मत गर्नुपर्ने भनि उल्लिखित मालसामान तथा उपकरणहरु लिलाम विक्री तथा मर्मत गरेको देखिएन । आवश्यक प्रक्रिया पुरा गरी पुराना मालसामानको समयमै लिलाम विक्रि तथा मर्मत गर्न सकिने अवस्था नभए लिलामको तथा मर्मतको कारबाही चलाउनु पर्दछ। यस सम्बन्धि केहि विवरण निम्न अनुसार छन।

| सि. नं. | सामानको विवरण | मर्मत तथा लिलाम गर्नुपर्ने संख्या |
|---|---|---|
| १. | कुर्सी | २५० |
| २. | डेस्कटप कम्प्यूटर | ८ |
| ३. | ल्यापटप | ६ |
| ४. | प्रिन्टर | ८ |
| ५. | फोटोकपी मेशीन | २ |
| ६. | जीप | १ |
| ७. | र्याक | १२ |
| ८. | एयर कन्डिसनर | ३ |
| ९. | सिलिङ पंखा | २८ |

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा विभिन्न शाखागत तथा वडागत रुपमा खरिद भएका जिन्सी सामान दाखिला गरी प्रविष्टी गरेको पाइएन । अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• पालिकाले एकै किसिमको मालसमानको गत बर्ष खपत भएको परिमाण र चालु बर्षमा खरिद भएको मालसमानको तुलनात्मक विवरण विवरण तयार गरेको छैन ।

• पालिकाले प्रत्येक कार्यकक्षमा रहेका कार्यालय सञ्चालनसंग सम्वन्धित सामानको विवरण तयार गरि कार्यकक्षमा टाँस गरेको देखिएन । यस अवस्थामा जिन्सीको संरक्षण तथा सदुपयोग भएकोमा आश्वस्त हुने आधार रहेको नदेखिएकोले यसमा पालिकाको ध्यानाकर्षण हुनु पर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ अनुसार कार्यालय अन्तर्गतको सरकारी घर, जग्गाको लगत किताव (म.ले.प.फा.नं. ४१७) महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा राख्नु पर्ने र सो ढाँचामा जग्गा धनि पूर्जा प्राप्त भए नभएको व्यहोरा खुलाइ यस्तो विवरण जिल्ला प्रशासन, कोलेनिका र मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था गरेकोमा सो अनुसार विवरण तयार गरी सम्बन्धीत निकायहरुमा पठाएको नदेखिएकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गर्नु पर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण भएका र पालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुमा रहेका कोष तथा गाउँपालिका खाताहरुमा रहेको सबै मौज्दातलाई एकीकृत गरी अभिलेख अद्यावधिक नगरेकोले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरु एकीकृत गरी अद्यावधिक अभिलेख खडा गर्नुपर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९६ (२) अनुसार कार्यालयमा मूल्य नखुलेका कुनै सम्पत्ति तथा जिन्सी मालसमान भएमा कार्यालय प्रमुखले नियमावली प्रारम्भ भएको एक वर्ष भित्र मूल्य कायम गरि सम्पत्ति तथा जिन्सी सामानको श्रेस्ता अध्यावधिक गर्नु पर्ने व्यवस्था रहेता पनि यस पालिकामा विगत बर्षदेखि रहेका विभिन्न सवारी साधन तथा प्राप्त भएको जग्गाहरुको मूल्य खुलाई अध्यावधिक गरेको नदेखिएकोले पालिकामा रहेका सवै सम्पत्ति तथा जिन्सीको मूल्याँकन गरि गराई जिन्सी अभिलेख अद्यावधिक गरिनु पर्दछ।

• जिन्सी समानको मूल्याँकन गरी काम नलाग्ने र विक्री नहुने समानहरु मिन्हा गर्ने, तथा काम नलाग्ने तर विक्री हुन सक्ने समानहरु समयमै आवश्यक कारवाही गरि लिलाम विक्रि गर्ने व्यवस्था गरि जिन्सी व्यवस्थापन गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।

• वर्ष भरिमा मर्मत गरिएका सामाग्री र जिन्सी प्रतिवेदनमा औल्याइएका मर्मत गर्नुपर्ने सामाग्रीको अलग अलग विवरण गरी कार्यालयका सामाग्री खरिद वा मर्मत गर्दा वार्षिक बजेट विनियोजन यथार्थपरक बनाउनुपर्दछ ।

• स्वास्थ्य शाखा तथा स्वास्थ्य केन्द्रहरुमा हालसम्म Logistic Management Information system (LMIS) अन्तर्गत जिन्सी

दाखिला हुँदै आएकोमा स्वास्थ्य मन्त्रालयद्वारा प्रतिपादित Electronic Logistic Management Information system (ELMIS) अन्तर्गत जिन्सी दाखिला गर्नुपर्दछ ।

१७ **वार्षिक खरिद योजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ५ करोड ९१ लाख ७५ हजार पूँजीगत खर्च/खरिद कार्य गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१८ **खरिद कारवाहीको अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति १४९(२) वमोजिमका कागजातहरु समावेश गरि अभिलेख बनाई छुट्टै फाईल खडा गरी राख्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले खरिदसँग सम्वन्धित कागजातहरु व्यवस्थित रुपमा अभिलेख हुने गरी छुट्टै फाईल खडा गरी राखेको देखिएन । व्यवस्थित रुपमा फाईल खडा गरी नराखेकोले पालिकाले गरेका निर्माण तथा खरिद सम्झौताको कार्यान्वयन अवस्था सम्वन्धमा निर्क्यौल हुन नसक्ने र पालिकाको कार्यमा समेत सहजता हुन नसक्ने देखिन्छ । पालिकामा जिन्सी शाखा प्रमुखको नेतृत्वमा एक वटा र योजना शाखा प्रमुखको नेतृत्वमा एक वटा गरी २ खरिद र मुल्याङ्कन समिति रहेकोले स्पष्ट जिम्मेवारी बाँफफाँड र वहन नगरेको जनाएको छ । पालिकाले सार्वजनिक खरिद नियमावलीको व्यवस्था लागु गरि व्यवस्थित अभिलेख प्रणाली अवलम्वन गर्नु पर्दछ ।

१९ **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को अनुसूची १ बमोजिम कन्टिन्जेन्सी खर्चको योजनागत अभिलेख राख्नु पर्दछ । पालिकाले योजनागत रुपमा कन्टिन्जेन्सी खर्चको विवरण राखेको देखिएन । नियमानुसार कन्टिन्जेन्सी खाताको अभिलेख राख्नु पर्दछ ।

२० **ठेक्का व्यवस्थापन**

सार्वजनिक खरिद नियमावली,२०६४ नियम ११२ अनुसार रु. २० लाख भन्दा वढीको निर्माण कार्यमा विमा गराउनु पर्ने, नियम ११५ अनुसार सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर वमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्ने गराउने र निर्माण कार्यको हकमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको वोलपत्र सम्वन्धि कागजातमा निर्माण सामाग्रीको गुणस्तर, निर्माण कार्यको मापदण्ड लगायत समेटेर गुणस्तर आश्वस्तता योजना समावेश गरी वोलपत्र व्यवस्थापन गर्नु पर्दछ । पालिकाले वोलपत्र विधिवाट निम्नानुसार खरिद तथा निर्माण कार्य गरेकोमा लागत अनुमानको भन्दा २० देखि ४२ प्रतिशतसम्म घटिमा सम्झौता भई भुक्तानी भएको छ ।

| रु. हजारमा | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | कामको विवरण | निर्माणव्यवसायीको नाम र ठेगाना | लागत अनुमान | सम्झौता रकम | भुक्तानी | घटिप्रतिशत |
| १ | ट्याङ्ग्रा खोला, मयूरनी खोला, अमाहा खोला लगायत अन्य खहरे खोला नियन्त्रण तथा व्यवस्थापन(२।०८०।८१) | निशु कन्स्ट्रक्सन प्रा.लि. | १५९९४ | ९३३६ | ७५८० | ४२ |
| २ | कमलदह पर्यटकिय स्थल निर्माण (३।०८०।८१) | हलेसी तिलक निर्माण तथा इन्जिनियरिङ्ग सोलुशन | ९७३१ | ७८१० | ० | २० |
| ३ | म्यागजिन चौरिया सिमसार पर्यटकिय स्थल निर्माण (४।०८०।८१) | अपन निर्माण सेवा, ललितपुर | १४६२४ | ८५६९ | 0 | ४१ |
| ४ | वडा नं. ८ को सभाहल निर्माण (५।०८०।८१) | रिजन एण्ड प्रतिक्षा कन्स्ट्रक्सन | २९३० | १९६३ | ११३२ | ३३ |

पालिकाले तयार गरेको लागत अनुमान भन्दा ४२ प्रतिशत घटीसम्ममा ठेक्का सम्झौता भई निर्माण सम्पन्न भएको देखिएको छ । नियमावली, सम्झौता तथा पूर्वाधार निर्माण सम्वन्धि मापदण्डमा तोकेको गुणस्तरमा खरिद कार्य सम्पादन भएको आश्वस्त हुने गरी वोलपत्र व्यवस्थापन भएको सुनिश्चितता हुनु पर्दछ । सम्पादन भएको निर्माण कार्य वोलपत्र व्यवस्थापनवाट न्यून लागतमै गुणस्तरीय रुपमा हुने भएमा नर्म्स समेत सम्वन्धित पक्षवाट पुनरावलोकन हुनुपर्ने देखिन्छ।

## २१ कानून निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस बर्ष ७३ वटा विवाद दर्ता भएकोमा २० विवादको सहमति भएको, ३ विवादको दावी फिर्ता भएको, २ विवाद खारेज भएको, ११ वटा विवाद माथिल्लो निकायमा पठाइएको र बाँकी ३७ वटा विवाद फछर्यौट हुन बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## २२ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ८ वटा ऐन, २४ वटा कार्यविधि तथा १ वटा निर्देशिका लगायत ३३ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । पालिकाले नमुना कानूनका आधारमा कार्यसञ्चालन निर्देशिका लगायतका आवस्यक कानूनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । संविधान तथा प्रचलित कानूनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको विषय कार्यान्वयनका लागि आवश्यक कानून वनाई संघीय तथा प्रदेश सरकारसँगको आवश्यक सहकार्य, समन्वय र साझेदारीमा जोड दिनुपर्दछ ।

## २३ सहकारी नियमन

नेपालको संविधानको अनुसूची- ८ मा सहकारी संस्था स्थानीय तहको अधिकार सूची भित्र रहेको छ । यस पालिकाले सहकारी सम्बन्धी ऐन कानून निर्माण गरेको अभिलेख लेखापरीक्षणमा पेश हुन आएन । त्यस्तै सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा सहकारी संस्थाहरुको मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । यस पालिकाबाट उपलब्ध विवरण अनुसार पालिकामा कुल २२ वटा सहकारी संस्था दर्ता भएकोमा २ वटा मात्र सहकारी संस्था एकिकृत व्यवस्थापन सूचना प्रणाली (कोपोमिस)मा आबद्ध भएको पाइयो । पालिकामा समस्याग्रस्त सहकारीको गुनासो नआएको तथा समस्या ग्रस्त सहकारी पहिचान नभएको व्यहोरा जानकारी प्राप्त भएको छ। पालिकाले सहकारी संस्था सम्बन्धि कुनै पनि अनुगमन निरीक्षण तथा छानविन

नगरेकोले यस सम्बन्धी थप विश्लेषण गर्न सकिएन । संस्थागत सहकारी सुशासनमा सुधार ल्याउन सहकारी शाखा र सहकारी संस्थाको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालनमा ल्याउनुपर्दछ।साथै सहकारीको बर्तमान अवस्थामा आएको कार्य सञ्चालनको राष्ट्रव्यापी विचलनलाई रोक्न तथा सर्वसाधारण नागरिकको बचतको सुरक्षा र उद्धेश्यप्रति प्रतिवद्ध गराउन पालिकावाट सहकारी संस्थाको पर्याप्त नियमन तथा अनुगमन हुनु पर्दछ ।

## २४ सेवा प्रवाह विवरण

पालिकाबाट सम्पादित सेवा प्रवाहलाई आन्तरिक राजस्वसँग भिडान हुने गरी म.ले.प. फाराम १०१, १०२ तथा १०७ हरुको व्यवस्था गर्नुपर्दछ । कार्यालयको मूख्य उद्देश्य हासिल गर्न सेवा ग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो । पालिकाले यस वर्ष आर्थिक, समाजिक र पूर्वाधार विकासका अतिरिक्त नियमित सेवा तर्फ पञ्जिकरण दर्ता २७२, नागरिकता सिफारिस ७८५, घरवाटो सिफारिस ५४५, नाता प्रमाणित ४६२, घर नक्शा पास ४७ तथा अन्य ३२४९ लयागतका सिफारिस तथा सेवा प्रवाह गरेको विवरण पेश गरेको छ । कार्यालयले उल्लिखित विवरण अनुरुप मलेप फारम भिडान हुने गरी अभिलेख व्यवस्थापन गरेको देखिएन । पालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाउदै सेवा प्रवाहलाई आन्तरिक राजस्वसँग भिडान हुने गरी म.ले.प. फारमको व्यवस्थापन गर्नुपर्दछ ।

## २५ वित्तिय जोखिम मूल्याङ्कन

पालिकाले प्रदान गर्ने सेवाको बारेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको संस्थागत क्षमता स्वमुल्याङ्कनको आधारमा पालिकाले आ.व. २०७९।८० मा ८२.२५ प्रतिशत अङ्क प्राप्त गरेको पाइयो भने पालिकाले स्थानीय तह वित्तीय जोखिम मुल्याङ्कनको फाराम भरेको पाइएन । स्थानीय तह वित्तीय जोखिम मुल्याङ्कन तथा क्षमता स्व:मुल्याङ्कनको आधार तथा अध्ययन क्रममा पत्ता लागेका जोखिमहरुको अभिलेख राखि नियन्त्रणको लागि पालिकाले कार्य योजना तयार गरी लागु गर्नुपर्दछ ।

## २६ पेश्की फिर्ता

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१३** को निर्णयले रू **२,११०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

## २७ म्याद ननाघेको पेश्की

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४७(४) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेश्की फस्र्यौट सम्बन्धी व्यवस्था रहेको छ ।पालिकाले यस आर्थिक वर्षमा निकाय तथा निर्माण व्यवसायीलाई दिइएको मोबिलाइजेशन पेश्की रु. ७,५०,०००।०० आर्थिक वर्षको अन्त्यसम्म पनि फस्र्यौट नभई बाँकी रहेको देखिन्छ। पेश्की रकम आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी सम्झौताको शर्त र नियमानुसार फस्र्यौट गर्नुपर्ने देखिन्छ।

| पेश्की लिनेको नाम | मिति | प्रयोजन | रकम |
|---|---|---|---|
| अपन निर्माण सेवा | २०८१।०३।०५ | म्यागजीन चौरीया सिमसार पर्यटकीय स्थल निर्माणको मोबिलाईजेशन पेश्की | ७५०००० |

## २८ गत विगतको पेश्की

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५३ मा तोकिएको समयमा पेश्की फस्र्यौट नगरेका कर्मचारी वा अन्य व्यक्तिको फस्र्यौट गर्न बाँकी पेश्कीको विवरण हरेक महिना समाप्त भएको ३ दिनभित्र कार्यालय प्रमूख समक्ष पेश गरी ढिलो फस्र्यौट गरिएका पेश्की फस्र्यौट गर्न तोकिए बमोजिम ताकेता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको सूत्र प्रणाली अनुसार गत विगतसम्मको पेश्की रकम रु. २५,९७,१४६।०० लेखापरीक्षण अवधिसम्म फस्र्यौट नगरेको र ताकेता समेत भए गरेको देखिएन। पालिकाले नियमावलीको पालना गरी गत विगतको पेश्की रकम फस्र्यौट गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

## २९ तलबी प्रतिवेदन

निजामती सेवा ऐन, २०४९ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिकाका कर्मचारीहरुको रु. १,९३,००,०००।०० तलब भत्ता खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले ऐन बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

### ३० प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा शाखा तथा महाशाखा रहेको संगठन संरचना कायम हुने व्यवस्था रहेको छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(४) मा कर्मचारीको दरबन्दी प्रस्ताव गर्दा सेवा सुविधाको लागि लाग्ने खर्चको श्रोत समेत विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सिनियर सिभिल इन्जिनियर, लेखा अधिकृत, प्रशासकिय अधिकृत, शिक्षा अधिकृत, सहायक पाँचौ, सहायक चौथौ सहित विभिन्न ३३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

### ३१ करार कर्मचारी व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । पालिकाको आन्तरिक श्रोतबाट करार कर्मचारी पारिश्रमिकमा मात्र रु. १ करोड ७१ लाख ३ हजार खर्च गरेको स्थिती छ । उक्त खर्च कुल आन्तरिक आय रु. १ करोड ३५ लाख २० हजार को १.२७ गुणा रहेको छ । अतः आन्तरिक श्रोतबाट खर्च सुनिश्चितता नहुने अवस्थामासमेत पालिकाले करारमा कर्मचारी नियुक्ति गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने देखियो।

त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले स्वास्थ्य तथा शशर्त कार्यक्रम करार लगायत कुल ६८ जना कर्मचारी करार सेवा मार्फत पदपूर्ति गरेको छ । सो मध्ये माथि उल्लेखित पद वाहेक दरबन्दी बाहिरका १ कानूनी सल्लाहकार, २ अमिन र १ मुखिया गरी ३ कर्मचारी करारमा नियुक्ति गरी बर्ष भरीमा निजहरुको तलब भत्ता बापत रु. १२,४९,२००।०० भुक्तानी गरेको छ । यसरी स्वीकृत दरबन्दीमा समावेश नभएका तथा करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १२,४९,२०० |

### ३२ कर्मचारी कल्याणकोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनको लागि खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले २०७६ श्रावण पछि नियुक्त कर्मचारीको हकमा निजको तलबबाट ६ प्रतिशत कट्टा र सोही बराबर थप गरी योगदानमा आधारित निवृत्तिभरण कोषमा जम्मा गरे तापनि अन्य कर्मचारीको हकमा ऐन बमोजिमको रकम कट्टा गरी अवकास कोषमा जम्मा गर्ने गरेको पाइएन ।प्रचलित ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

### ३३ कर्मचारी प्रोत्साहन भत्ता

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । नगर सभाको निर्णय नम्वर ९ मा अतिरिक्त समय कार्य गरे बापत तोकिएको शाखामा काम गर्ने कर्मचारीलाई मासिक रुपमा शुरु तलबको २५ प्रतिशत रकम प्रोत्साहन भत्ता उपलब्ध गराउने व्यवस्था रहेको छ । पालिकाले सोही निर्णयको आधारमा १० जना कर्मचारीहरुलाई रु. ६,२१,४३८।०० प्रोत्साहन भत्ता भुक्तानी दिएको छ । पालिकाले कर्मचारी प्रोत्साहन भत्ताको मापदण्ड तथा कार्यविधि तयार नगरेको र अतिरिक्त समयमा कार्य गरेको पुष्ट्याँईं हुने विवरण तथा विद्युतिय हाजिरी समेत भुक्तानीमा समावेश गरेको देखिदैन । पालिकाले आन्तरिक आय समेतलाई विचार गरि प्रोत्साहन भत्ता खर्चमा औचित्यता र मितव्ययीता कायम गर्नु पर्दछ ।

३४ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था छैन । नेपाल सरकारले यस जिल्लामा गरिव घर परीवार पहिचान कार्यक्रम संचालन गरी गरिव घरपरिवार परिचयपत्र वितरण गरिसकेको अवस्था छ । यस वर्ष पालिकाले आर्थिक सहायता शिर्षकमा रु. ७ लाख विनियोजन गरी कार्यपालिकाको विभिन्न मितिको निर्णय बमोजिम विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. २,६२,४००।०० आर्थिक सहायता वितरण गरेको छ । उक्त सहायता प्रदान गर्दा अति विपन्न, आर्थिक अवस्था कमजोर रहेको जस्ता सिफारिश पेश गरेको देखिन्छ । सरकारले पहिचान गरी वितरण गरेको गरिव घरधुरी परिचयपत्रलाई आधार प्रमाण लिई सहायता दिएको देखिदैन । पालिकाले आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि तयार गरी सहायता खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

३५ **विविध खर्च**

एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुसार खर्च संकेत नं. २२७११ विविध खर्च शिर्षकबाट बार्षिक कार्यक्रममा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च र अन्य कुनै खर्च शिर्षकमा नपरेका नियमानुसार गर्नुपर्ने विविध खर्च भुक्तानी गर्ने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाको सुत्र SUTRA को विवरण अनुसार विविध खर्चमा पालिकाले कुल रु. ६,६४,८३९।०० र अतिथी सत्कारमा रु. ७,९९,६३९।०० समेत कुल विविधमा रु. १४,६४,४७८।०० खर्च गरेको छ । त्यस अतिरिक्त पालिकाले सभा सञ्चालनमा रु. ७ लाख बजेट विनियोजन गरी रु. ६,९२,५१५।०० खर्च लेखेको छ । विविध खर्च अन्तर्गत अधिकाशं खर्च होटलको बिल पेश हुने गरेको, बिलमा सयौको सङख्यामा खाजा, खाना, पानी, चिया नास्ता लगायत खाजा खानाको बिल पेश हुने गरेको छ । खर्च संकेतको वर्गीकरणमा उल्लेख भए अनुसार स्वागत कार्यक्रमको चियापान, भोज सम्बन्धी, सुरुक्षा, प्रतिनिधि मण्डलको स्वागत कार्य भएको पुष्टि हुने प्रमाण कागजात संलग्न नगरी होटल बिलमात्र पेश हुने गरेकोले पालिकाको विविध खर्चको यर्थाथता परिक्षण गर्न सकिएन । पालिकाले विविध खर्चमा नियन्त्रण गर्न खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरि आन्तरिक आयको परिधि भित्र रही खर्चलाई मितव्ययी बनाउनु पर्दछ ।

३६ **वितरणमुखि खर्च**

स्थानीय तहले योजना छनोट गर्दा रोजगारी सृजना हुने जन जीवनस्तर उठाउने आय आर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरुको छनोटमा ध्यान दिनुपर्दछ। पालिकाले संघीय सरकारबाट सिमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक आय पनि सिमित रहेको अवस्थामा सिमित स्रोतको अधिकतम उपयोग हुने गरि उल्लेखित विषयहरुमा केन्द्रित भई योजनाहरु कार्यान्वयन गर्नुपर्नेमा वितरणमुखि योजना र कार्यक्रमहरु सञ्चालन गर्ने गरेको देखियो । यस्तो योजना र कार्यक्रमहरुले पालिकाको अर्थतन्त्रमा उल्लेखनिय योगदान नपुर्याउने तथा पालिकाको आर्थिक व्यभार बढन गई प्राप्त आयले धान्न नसक्ने हुनाले यस्तो खर्चमा सुधार हुनुपर्दछ। यस सम्बन्धी केही उदाहरण निम्नानुसार छनः

| भौ नं. | विवरण | रकम |
|---|---|---|
| ९७८-०८१।३।२२ | लक्षित वर्गकार्यक्रम अन्तर्गत झुल गम्छा वितरण | १२३२०० |
| ९७७-०८१।३।२२ | छठ पर्व पुजासमितिलाई आर्थिक सहायता | २४००० |
| ९७६-०८१।३।२२ | जनता मा.वि. काविद्यार्थीलाई पोशाक वितरण | १५७३३५ |
| ९३१-०८१।३।१९ | वडा नं. १० माएकल महिला तथा अपाङ्ग लाई टर्च, छाता, कुर्सी, झुल वितरण | १९९६७० |
| ९२९-०८१।३।१९ | वडा नं. ८ माजेष्ठ नागरिक सम्मान कार्यक्रम | २००००० |
| ८९८-०८१।३।१७ | सत्यनारायण भगवान मन्दिर व्यवस्थापन समितिलाई साउण्ड सिस्टम खरिद | ४९८६६ |
| ८६४-०८१।३।१५ | छठ पुजासांस्कृतिक महोत्सव पर्व समितिलाई आर्थिक सहायता | १००००० |
| ८४४-०८१।३।१० | महिला अधिकार दिवस मनाएको खर्च | ५०८२५ |
| ७७६-०८१।२।३१ | वडा नं. ६ माजेष्ठ नागरिक सम्मान कार्यक्रम | १००००० |
| ७४२-०८१।२।२८ | अन्तर्राष्ट्रिय नारी दिवस मनाएको खर्च | १२२३०० |
| ५७०-०८०।१२।३० | वडा नं. ९ माजेष्ठ नागरिक सम्मान कार्यक्रम | २००००० |
| ५५५-०८०।१२।२७ | बाल दिवस मनाएको खर्च | ७८८९५ |
| ५२१-०८०।१२।१८ | समाचकेवामहोत्सवलाई आर्थिक सहायता | ५०००० |
| ५०३-०८०।१२।९ | राष्ट्रिय प्रजातन्त्र दिवस मनाएको खर्च | १४२१५० |
| २६५-०८०।९।२० | जितियासास्कृतिक महोत्सव समितिलाई आर्थिक सहायता | ५०००० |
| २०६-०८०।९।२ | न्यू त्रियुगा स्पोर्टस क्लबलाई आर्थिक सहायता | १७५००० |
| २००-०८०।९।२ | छठ पर्वसमितिलाई आर्थिक सहायता | ५०००० |
| १०३८-०८१।३।२४ | नव दुर्गा पुजासमितिका भुपेन्द्र कुमार यादवलाई आर्थिक सहायता | २४००० |
| १०३५-०८१।३।२४ | सप्तकोशी छठपुजा सेवा समितिलाई आर्थिक सहायता | ९५००० |
| १०६५-०८१।३।३१ | डि. आर. सि. डि. पूर्ण खोप घोषणा कार्यक्रम खर्च | ३५०००० |

३७ **खर्च वर्गीकरण**

एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोहीबमोजिम खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले वडा कार्यालयमा कार्यालय सञ्चालन, मर्मत संभार, विविध, मसलन्द, इन्धन लगायतका खर्चको एउटै "कार्यालय सञ्चालन तथा व्यवस्थापन" खर्च शिर्षकमा ११ वडाहरुलाई रु. ४ लाखका दरले रु. ३७ लाख २ हजार बजेट विनियोजन गरी रु. ३६,३२,०१७।०० खर्च गरेकोमा खर्च रकम एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुसार खर्च प्रविष्टि भए गरेको पाइएन । नमुना छनौट गरी वडा कार्यालय सञ्चालन खर्चहरुको श्रेस्ता परीक्षण गर्दा खरिद सामग्रीहरुको दाखिला प्रतिवेदनमा जिन्सी खाता पाना नम्बर उल्लेख नगरेको, व्यवस्थित जिन्सी खाता नभएको, इन्धन खर्चको लगबुक विवरण नभएको तथा चिया खाजा खर्चमा स्पष्ट मापदण्ड रहेको देखिएन । वडा कार्यालयको खर्चमा एकरुपता नहुनुका साथै पालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले वडाबाट खरिद गर्ने परिपाटी नियन्त्रण गरी स्पष्ट देखिने गरी, दोहोरो नहुने गरी तथा मितव्ययी हुनेगरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ साथै पालिकाले बजेट विनियोजन, खर्च गर्दा एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्याको पालना गर्नुपर्दछ ।

३८ **मसलन्द तथा कार्यालय सामाग्री खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को निमय ८५ अनुसार लागत अनुमान रु. १० लाख सम्मको निर्माण कार्य वा मालसामान र ५ लाख सम्मको परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गर्न सकिने, नियम ८४ अनुसार निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा रु. १० लाख भन्दा वढी भएमा सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष मसलन्द तथा कार्यालय सामाग्री खर्च शिषर्कमा रु. २० लाख बजेट विनियोजन गरी रु. १७,६८,५९१।०० खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पालिकाले मसलन्द सामग्री पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

३९ **इन्धन खर्चको मापदण्ड**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष कार्यालय प्रयोजन इन्धन शिर्षकमा रु. ३५ लाख बजेट विनियोजन गरी रु. ३४,९२,९३८।०० इन्धन खर्च गरेको छ । नमुना आधारमा भौचर छनौट गरी परीक्षण गर्दा पालिकाले भौ नं. ९९५- ०८१।३।२३ बाट जेठ र असार महिनाको रु. ४,१४,९५०।०० इन्धन खर्चको भुक्तानीको श्रेस्ता परीक्षण गर्दा देखिएको व्यहोरा देहायअनुसार छः

(क) पालिकाका सवारीसाधन (एम्बुलेन्स, जेसिबी, ट्याकटर, टिपर, स्करपियो) आदिमा खपत भएको ईन्धनको विवरण पाम्स (PAMS) मा पोष्टिङ्ग गरेको पाइएन।

(ख) पालिकाले सञ्चालन गरेको सवारीसाधनहरुको (एम्बुलेन्स, जेसिबी, ट्याकटर, टिपर, स्करपियो आदि) ईन्धन खर्च लेख्दा सवारी साधनको रितपूर्वक लगबुक राखि तोकिएको माईलेज खपत बमोजिम ईन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेखाङ्कन गरेको पाइएन ।

(ग) पालिकाले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन ।

पालिकाले इन्धन खर्चलाई मितव्ययी बनाउन कार्यसञ्चालन निर्देशिका तयार गरी पदाधिकारी तथा कर्मचारीको इन्धनको कोटा निर्धारण गर्नु पर्दछ । साथै सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेखाङ्कन गरी इन्धन खर्च नियन्त्रण गर्ने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिएको छ ।

४० **मर्मत खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिनेरी औजार मर्मत गर्दा म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष मेशिनरी तथा औजार मर्मतमा रु. १८ लाख बजेट विनियोजन गरी रु. १५,९४,३७८।०० खर्च गरेकोमा अधिकांश सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा लागत अनुमान तयार गर्ने नगरेको, मर्मत संभार तथा संरक्षण आवेदन फारम एकिकृत सम्पत्ती व्यवस्थापन प्रणाली मार्फत तयार नगरेको तथा मर्मत तथा संरक्षण अभिलेख खाता प्रयोग गरेको पाइएन । पालिकले सावारी साधन तथा मेशिनरी मर्मतमा खर्च गरेको रकमको सवारी साधन अनुसार मर्मतको अवस्था देखिनेगरी मर्मत अभिलेख राखेको छैन । यसवाट यस्ता साधन विस्थापित तथा लिलाम गर्दा साथै वित्तिय विवरणमा वास्तविक मुल्य लेखाङ्कन गर्न समस्या हुने देखिन्छ । नियमावलीमा भएको व्यवस्थाको पालना गर्नु पर्दछ ।

४१ **भ्रमण खर्च**

भ्रमण नियमावली २०६४ मा भ्रमण आदेशमा भ्रमणको उद्देश्य कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नुपर्ने छ र भ्रमणबाट फर्किएको ३ दिनभित्र भ्रमणबाट प्राप्त उपलब्धिको ब्यहोरा सहितको भ्रमण प्रतिबेदन समेत पेश गर्नुपर्ने उल्लेख छ । यस

पालिकाले वार्षिक अनुगमन तथा भ्रमण खर्चमा रु. ९ लाख विनियोजन गरी रु. ८, ९४,५२०।०० खर्च गरेको छ । यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार छः

• यस पालिकाका पदाधिकारी र कर्मचारीहरुको वार्षिक भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गरेको र फर्किदा कार्यालयको काममात्र उल्लेख गरी प्रतिवेदन पेश गरेको।

• पालिकामा हाजिरी व्यवस्थापनका लागि डिजिटल हाजिरी प्रयोग नगरेको तथा भ्रमण अभिलेख खाता (म.ले.प. फा.नं. ९०८) तयार नगरेको ।

• पदाधिकारी तथा कर्मचारीहरुलाई दोहोरो पर्ने गरि विभिन्न बैठक तथा कार्यक्रममा उपस्थित भएको दिनको समेत भ्रमण खर्च भुक्तानी भएको ।

पालिकाले भ्रमण अवधीको वास्तविकता यकिन गरी खर्चलाई मितव्ययी बनाउनु पर्दछ ।

४२ **अनुगमन भत्ता बढी दर** (४८-२०८०-६-३०):

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा खर्च पुष्ट्याँईं गर्ने विल भर्पाई प्रमाण कागजात संलग्न गर्नुपर्ने र ऐ. नियम ३९(१०)मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भूक्तानी गर्न आवश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले न्यायिक समिति संचालन खर्च रु. १,४८,५००।०० भुक्तानी गरेको श्रेस्ता परिक्षण गर्दा प्रमुख प्रशासकिय अधिकृत राजकपुर चाम्लागाईलाई अनुगमन भत्ता रु. २,५००।०० का दरले भुक्तानी गरेको देखियो । अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिकामा प्रमुख प्रशासकिय अधिकृतको अनुगमन भत्ताको दर रु. १,५००।०० उल्लेख भएकोमा कुल ९ वटा अनुगमनको रु. १,०००।०० का दरले रु. ९,०००।०० बढी भुक्तानी दिएको कर कट्टी बाहेकको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,६५० |

४३ **विभिन्न बैठकको दिन भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ (११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने कर्मचारी तथा पदाधिकारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, स्थानीय भत्ता नपाउने व्यवस्था गरेको छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले कर्मचारीलाई निम्नानुसार विभिन्न बैठकमा उपस्थित भएकै मितिमा भ्रमण खर्च भुक्तानी दिएको पाइयो । पालिकाले थप एकिन गरी अन्य भुक्तानीहरुमा यस प्रकृतीको दोहोरो खर्च लेखेको रकम असुल गर्नुपर्ने रु.

| **कर्मचारीको नाम** | **भ्रमण अवधि** | **भ्रमण स्थान** | **भ्रमण खर्च** | **कैफियत** |
|---|---|---|---|---|
| प्र.प्र.अ. राज कपुर चौलागाई | २०८०।४।८-२०८०।४।१४ | काठमाण्डौ | १६,८००/- | ४।१२ को कार्यपालिका बैठकमा उपस्थित भएकोले भुक्तानी दिन नमिल्ने |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१३** को निर्णयले रू **५,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,८०० |

४४ **कार्यक्रम अनुगमन भत्ता** (१०१८-२०८१-३-२४):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१३** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१३** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४५ **न्यायिक समिति अनुगमन भत्ता** (९८२-२०८१-३-२२):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१३** को निर्णयले रू **३०,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१३** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१३** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४६ **कर शिर्षक**

आयकर ऐन, २०५८ को दफा ८७ अनुसार भएको कारोबारको भुक्तानी गर्नुपूर्व नियमानुसार अग्रीम कर कट्टि गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा पालिकाले ऐन बमोजिम ५७ जना पदाधिकारीहरुलाई मासिक बैठक भत्ता भुक्तानी गर्दा नियमानुसार भन्दा रु. ३,५९,१००।०० घटी कर कट्टी गरेको देखिएकोमा पालिकाले २०८१।८।२४ मा उक्त रकम असुल गरी पालिकाको आन्तरिक राजस्व खातामा दाखिला गरेको छ । अग्रीम कर कट्टी रकम नियमानुसार संघीय सञ्चितकोषको राजस्व शिर्षक ११११९ मा दाखिला गर्नुपर्नेमा पालिकाकै बेरुजु खातामा दाखिला गरेकोले उक्त खर्च समायोजन गरी संघीय कोषमा दाखिला गरेको प्रमाण पेशहुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,५९,१०० |

४७ **औषधी उपचार खर्च**

कर्मचारी सञ्चयकोषले २०७० साल बैशाखदेखि 'सञ्चयकर्ता औषधोपचार योजना' कार्यान्वयन गरेकोमा वि.सं. २०७६ मंसिर १ देखि कार्यक्रम व्यवस्थापन गर्दै आएको छ । यस कार्यक्रम अन्तर्गत सञ्चयकर्ता वा निजको पति/पत्नी अस्पताल भर्ना भई उपचार गरेको खर्च रकमको शोधभर्ना प्राप्त हुने व्यवस्था रहेको छ । पालिकाले देहायका कर्मचारीहरुलाई निज विरामी भई अस्पताल बस्नुपर्ने जनाई कार्यपालिका निर्णय गरी रु. ६५,०००।०० औषधी उपचार खर्च भुक्तानी गरेको छ । सञ्चयकोष स्वास्थ्य उपचारकोषबाट रकम दावि भुक्तानी गर्नसक्ने प्रावधान रहेकोमा सो माग नगरी कार्यपालिकाले निर्णय गरेर खर्च लेखेको पाइयो । कर्मचारीलाई कार्यपालिका निर्णय गरी स्वास्थ्य उपचार खर्च भुक्तानी गरेको रकम पालिकालाई थप व्ययभार पर्न गएको देखिन्छ । उपचार खर्च सञ्चयकोषबाट दावि गर्दै कार्यपालिका निर्णयबाट यस प्रकृतिको खर्च स्वीकृति सीमित गर्नुपर्छ ।

| **भौ नं.** | **कर्मचारीको पद** | **कर्मचारीको नाम** | **भुक्तानी खर्च** |
|---|---|---|---|
| ८८४-०८१।३।१६ | कार्यालय सहयोगी | राम कुमार साह | १५००० |
| १००१-०८१।३।२३ | सहायक पाँचौ | जय प्रकाश आनन्द चौधरी | ५०००० |
| | | जम्मा | **६५०००** |

४८ **अतिथि सत्कार खर्च** (८६८-२०८१-३-१५):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१३** को निर्णयले रू **१०,५००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

## ४९ विज्ञापन खर्च

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ को उपदफा २ ख र विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियमावली, २०७७ को नियम ६ क को उपदफा ३ मा संचारमाध्यम वा विज्ञापन एजेन्सीलाई रकम भुक्तानी गर्नुअघि ऐनको दफा २१ को खण्ड ख बमोजिम रकम कट्टा गर्नुपर्ने र उपनियम ४ मा उपनियम ३ बमोजिम कट्टा गरीएको ३ प्रतिशत रकम बोर्डको कोषमा जम्मा गरी सोको जानकारी बोर्डलाई दिनुपर्ने व्यवस्था रहेको छ । साथै विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियमावली, २०८० को नियम ५ ग मा सरकारी निकायले विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा ऐनको दफा ३२ बमोजिम बिज्ञापन बोर्ड मार्फत गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष नगरपालिका चालूतर्फ रु. १२,४३,५३०।०० बजेट व्यवस्थापन गरी रु. १०,९५,२९३।०० खर्च गरेको देखियो । उक्त खर्च बराबरको कार्य विज्ञापन (नियमन गर्ने) ऐन बमोजिम बिज्ञापन बोर्डमार्फत गराएको देखिएन । साथै उक्त रकमको विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियमावली बमोजिम ३ प्रतिशतले हुने रकम रु. ३२,८५९।०० बोर्डको कोषमा जम्मा हुने अवस्था देखिएन । पालिकाले कानूनमा उल्लेख भए बमोजिम विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा विज्ञापन बोर्ड मार्फत गर्नुपर्दछ ।

## ५० खेलकुद कार्यक्रम

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले कार्यालयले स्वीकृत बजेट खर्च गर्दा खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नु पर्दछ । पालिकाले "सप्तकोशी नगर खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधि, २०८१" तयार गरेको पाइयो । उक्त कार्यविधिमा खेलकुद समितिले नगर सभाले स्वीकृत गरेका कार्यक्रमहरु संचालन गराउने उल्लेख छ । पालिकाले देहायअनुसार विभिन्न खेलकुद कार्यक्रम सञ्चालन गर्न निम्नानुसारका क्लब तथा खेलकुद विकास समितिलाई रु. २३,२२,८४६।०० भुक्तानी दिएको छ । यस सम्बन्धी श्रेस्ता परीक्षण गर्दा देखिएका व्यहोराहरु देहायअनुसार छः

| भौ नं. | खेलकुद कार्यक्रमको विवरण | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| ९२८-०८१।३।१९ | वडा नं. १० मा खेलकुद सामाग्री खरिद | न्यू होराईजन स्पोर्टस क्लबलाई हस्तान्तरण | ९९८४६ |
| ९४१-०८१।३।१९ | सप्तकोशी गोल्ड कप फुटबल प्रतियोगिता सञ्चालन | न्यु त्रियुगा स्पोर्टस क्लब | ९७००० |
| ९४५-०८१।३।१९ | वडा नं. २ वडा अध्यक्ष कप फुटबल प्रतियोगिता सञ्चालन | नगर खेलकुद विकास समिति | २००००० |
| ९८९-०८१।३।२३ | वडा नं. ४ वडा अध्यक्ष कप भलिबल प्रतियोगिता सञ्चालन | नगर खेलकुद विकास समिति | १५०००० |
| ९९१-०८१।३।२३ | सप्तकोशी गोल्ड कप फुटबल प्रतियोगिता सञ्चालन | नगर खेलकुद विकास समिति | १११८००० |
| ९९२-०८१।३।२३ | वडा नं. ८ मा ओहोद्रा क्लब फुटबल प्रतियोगिता सञ्चालन | श्री प्रोग्रेसिभ युवा क्लब | २९८००० |
| ७०९-०८१।२।१४ | जिल्ला स्तरिय ब्याडमिटन प्रतियोगिता सञ्चालन | नगर खेलकुद विकास समिति | ३६०००० |
| | **जम्मा** | | **२३२२८४६** |

• पालिका अन्तर्गत खेलकुद कार्यक्रम खर्चलाई मितव्ययी बनाउन खर्च गर्ने आधार तथा नर्म्स तयार गरेको पाइएन ।

• कार्यक्रममा बैठक भत्ता, सहभागी भत्ता, स्वयं सेवक भत्ता, स्वास्थ्यकर्मी भत्ता, खाना खाजा लगायत खर्च अत्याधिक मात्रामा रहेको पाइयो ।

• कार्यक्रममा भएको खर्च प्रमाणित गरी सार्वजनिकिकरण गरेको देखिएन ।

• कार्यक्रममा खरिद भएका सामाग्रीहरुको जिन्सी दाखिला तथा वितरण र खर्चको अभिलेखांकन समेत गरेको पाइएन ।

• माग फारा,म तथा आवश्यकता पहिचान नगरी खेलकुद सामाग्री खरिद गरी वितरण गरेको पाइयो ।

• पालिकाले "सप्तकोशी नगर खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधि, २०८१" को परिच्छेद-९ मा खेलकुद प्रतियोगिता सञ्चालन गर्न नगर खेलकुद विकास कोषको व्यवस्थापन गरी सो कोषमार्फत प्रतियोगित सञ्चालन गर्नुपर्ने व्यवस्था भएकोमा सोको

पालना भएको छैन ।

• प्रथम सप्तकोशी गोल्ड कप फुटबल प्रतियोगिता सञ्चालन गर्न नगर विकास समितिको रु. ९ लाखको प्रस्तावना पेश भएको र सो बराबरकै रकम विनियोजन भएकोमा प्रतियोगिता सञ्चालनको क्रममा खर्च बढेको बिल पेश गरी कार्यपालिकाको २०८१।३।२० को निर्णय नं. ७ को आधारमा थप रु. २ लाख १८ हजार भुक्तानी गरेको छ । पालिकाले खर्चको मापदण्ड तयार नगरी प्रस्तावनाको आधारमा खर्च स्विकृत गरेको तथा प्रस्तावना भन्दा खर्च बढ्नुपर्ने स्पष्ट कारण नजनाई थप बजेट खर्च भुक्तानी गरेको छ ।।

पालिकाले खर्चलाई प्रमाणित गर्नेगरी कागजपत्र संलग्न नगरी खर्च लेखेकोले खर्चको वास्तविकता एकिन हुन सकेन । पालिकाले यस प्रकृतीको खर्चलाई निश्चित कार्यविधि तथा खर्चको नर्म्स बनाई मितव्ययी बनाउनुपर्दछ ।

५१ **बिल पेश नभएको** (१०२१-२०८१-३-२४):

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३** को निर्णयले रू **११०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

५२ **कर कट्टी**

आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८९ अनुसार भएको कारोबारको भुक्तानी गर्नुपूर्व नियमानुसार अग्रीम कर कट्टि गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानीमा उपर्युक्त व्यवस्था बमोजिमको कर कट्टा गरेको देखिएन । अतः देहायका सम्बन्धित फर्म तथा व्यक्तिवाट कर बापत लाग्ने रकम असुल गरी संचित कोष दाखिला गर्नुपर्ने देखिएको रु.

| भौ.नं. | विवरण | भुक्तानी पाउने | भुक्तानी रकम | असुल गर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|
| ८२६ | सुचनाको हकसम्बन्धी नगरस्तरिय अभिमुखिकरण कार्यक्रम | सूचनाको हक मिडिया प्रा.लि. | ९७३२० | १३०९८ | प्यान बिल पेश गरेकोमा १.५प्रतिशतमात्र कर कट्टी भएको |
| १०१८ | बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत सरसफाई सामग्री खरिद गरि वितरण | जिवछ प्रसाद साह | ४३००७० | २०९३ | सामग्री खरिदमा घटी कर कट्टी भएको |
| | **जम्मा** | | | **१५१९१** | |

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३** को निर्णयले रू **१,८९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | १५,१९१ |
|---|---|

५३ **गैर सरकारी संस्था मार्फत कार्यक्रम**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा कामको आवश्यक्ता, किसिम, समयावधि, गुणस्तर, जनशक्ती, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त तयार गरी मौजुदा सुचिमा रहेका ग्रैह सरकारी संस्थाबाट सूचना प्रकाशन गरी सम्भव भए सम्म ६ वटा र कम्तिमा ३ वटा सँग आर्थिक प्रस्ताव माग गरी प्रस्तावनाका आधारमा गैर सरकारी संस्था छनौट गरी कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्ना कर्मचारीबाट हुने देहायानुसारका कार्य अन्य संस्थाबाट कोटेशन माग गरी कार्यक्रम सञ्चालन गरेको पाइयो । यस्तो कार्यक्रम तथा तालिम कार्य गराउदा सार्वजनिक खरिद कानून बमोजिम खर्चको विभागीय नर्म्स, जिल्ला दररेट नर्म्स, कार्य क्षेत्रगत शर्त जस्ता आधारभुत विषयलाई आधार लिई लागत अनुमान तयार गर्नुपर्नेमा फर्मले पेश गरेको दररेटको आधारमा सम्झौता गर्ने गरेको

देखियो र सहभागीहरुको छनौटको मापदण्ड स्पष्ट देखिएन । यस प्रकारका तालिम तथा कार्यक्रम सञ्चालन गर्दा लक्षित वर्गको सहि पहिचान गरी उद्यम विकास कार्यक्रम सँग नदोहोरिने प्रवृत्तिको तथा स्थानीय श्रोत साधन र क्षमताको प्रयोगलाई समेत विचार गरी ऐन नियमावलीमा भएको व्यवस्था पालना गरी खर्च मितव्ययी बनाउनुपर्दछ ।

| भौ नं. | कार्यक्रम सञ्चालक | कार्यक्रम विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ८९२-०८१।३।१७ | सर्वमंगल इन्जिनियरिङ्ग कन्सल्टेन्सी कन्स्ट्रक्शन एण्ड सप्लायर्स | वडा ११ मा सिलाई कटाई तालिम | १९२८३५ |

५४ **जरिवाना भुक्तानी** (१०६१-२०८१-३-३१):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ (१) मा सरकारी रकम खर्च गर्दा सरकारी रकमको हिनामिना हानि नोक्सानी वा लापरबाही हुन नपाउने गरी सरकारी सम्पत्ति, रकम, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनुपर्ने व्यवस्था रहेको छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले यस वर्ष पालिकाको सवारी साधनहरुको नविकरण शुल्क रु. ५१,९८५।०० भुक्तानी गर्दा थप जरिवाना रु. ८,६४०।०० भुक्तानी गरेको छ। बजेट सुनिश्चित भएको अवस्थामा समेत म्याद समाप्त हुने अवधि सम्म नविकरण नगर्ने तथा थप जरिवाना बापत पालिकालाई व्ययभार बढाउने कार्यमा कडाईका साथ नियन्त्रण गर्नुपर्दछ ।

५५ **संगठन तथा व्यवस्थापन सर्वेक्षण**

पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण शिर्षकमा रु. ४ लाख विनियोजन गरी व्यवस्थापन सर्वेक्षण कार्य गरे बापत परामर्शदाता सेन्टर फर सस्टेनेबल डेभलपमेन्ट स्टडिज प्रा. लि. लाई रु. ३,९९,४५५।०० भुक्तानी दिएको छ । यस सम्बन्धी श्रेस्ता परीक्षण गर्दा देखिएका व्यहोराहरु देहायनुसार छनः

क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा शाखा तथा महाशाखा रहेको संगठन संरचना कायम हुने व्यवस्था रहेको छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(४) मा कर्मचारीको दरबन्दी प्रस्ताव गर्दा सेवा सुविधाको लागि लाग्ने खर्चको श्रोत समेत विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । पालिकाले व्यवस्थापन सर्वेक्षण अनुसार कर्मचारी दरबन्दी थप गरी ८० जना कर्मचारीको दरबन्दी सभाबाट स्वीकृत गरेको देखियो । यसरी थप दरबन्दी प्रस्ताव गर्दा सेवा सुविधाको लागि लाग्ने खर्चको श्रोत विश्लेषण गरेको देखिएन र उक्त थप दरबन्दी दर्ता गरेको पाइएन । पालिकाले सेवा सुविधाको लागि लाग्ने खर्चको स्रोतलाई व्यवस्थित तवरले विश्लेषण गरी आर्थिक क्षमता, बजेट स्थिति, र भविष्यका खर्च अनुमानलाई ध्यानमा राखेर खर्चको व्यावहारिकता सुनिश्चित गर्नुपर्दछ ।

ख) पालिकाले उक्त कार्य गर्न कार्यालयको जनशक्ति प्रयोग नगर्नाको कारण खुलाई उक्त कार्य परामर्शदाता मार्फत गर्नुपर्ने पुष्टयाई पेश गरेको पाइएन । साथै परामर्शदाताबाट प्राप्त सर्वेक्षण कार्य क्षेत्रगत शर्त बमोजिम भए नभएको कार्य स्वीकार गरी बौद्धिक सम्पत्तीको रुपमा जिन्सी दाखिला गर्नुपर्दछ ।

५६ **परामर्श तथा डीपीआर खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ अनुसार अधिकार प्राप्त अधिकारीबाट तोकिएको प्रक्रिया पुरा गरी परामर्श खर्चको लागत अनुमान तयार गरी नियम १४ बमोजिम स्वीकृत गर्नुपर्ने व्यवस्था छ । नियमावलीको नियम ६९ बमोजिम परामर्श खरिदको कार्य क्षेत्रगत शर्त तयार गरी नियम ७२ बमोजिम २० लाखसम्मको परामर्श सेवा मौजुदा सुचिमा रहेको परामर्शदातासँग आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरी गुणस्तर तथा लागत विधि अनुसार छनौट गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|
| नगर प्रोफाइल तयारी(नगर वस्तुस्थिति विवरण,२०८१) | जि.आई.टि.प्रा.लि. | ४०००० | ३९८८९० |
| मध्यमकालिन खर्च संरचना निर्माण | गभर्नेन्स स्टडिज एण्ड रिसर्च सेन्टर | २००००० | १९९४४५ |
| संगठन तथा व्यवस्थापन सर्वेक्षण | सेन्टर फर सस्टेनेबल डेभलपमेन्ट स्टडिज प्रा. लि. | ४००००० | ३९९४५५ |
| टेङ्ग्रा खोला तथा नदी नियन्त्रण कार्यको डि.पि.आर | यशोदा आर्किटेक प्रा.लि. | ५००००० | ४९११९१ |

यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार छन्:

• अध्ययन कार्यको लागत अनुमान तयार गर्दा जनशक्तिको पारिश्रमिक सम्बन्धमा शहरी विकास तथा भवन कार्यालयको नर्म्स अनुसार तयार गरेको तर विषय विज्ञको समयको लागि कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन ।

• कुल विनियोजित रकमलाई नै आधार लिई प्रस्तावना माग गर्दा विनियोजित रकमकै हाराहारीमा प्रस्तावना पेश भएको ।

• लागत अनुमान तयार गर्दा विषयविज्ञको अनुभव ५ वर्षभन्दा बढी, ३ वर्ष देखि ५ वर्षसम्मको अनुभवको आधारमा पारिश्रमिक राखि लागत अनुमान तयार गरेकोमा सोझै खरिद गरेका परामर्श सेवामा आवश्यकता अनुसार विषयविज्ञको अनुभव सम्बन्धमा मूल्यांकन गरेको देखिँदैन ।

• परामर्श सेवाको कार्य स्विकार प्रतिवेदन तथा जिन्सी दाखिला भएको नदेखिएको ।

• इन्सेप्सन रिपोर्ट र ड्राफ्ट रिपोर्ट पेश नगरी एकै पटक अन्तिम प्रतिवेदन पेश गर्ने गरेको देखिएको ।

अत: डी.पी.आर. तथा परामर्श कार्य गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

## ५७ गुणस्तर आश्वस्तता योजना

संघ तथा प्रदेश सरकारले निर्धारण गरी स्थानीय तहले स्वीकृत तथा लागु गरेका निर्माण कार्यसँग सम्वन्धित निर्धारित मापदण्ड अनुसार योजना सञ्चालन भए नभएको सम्वन्धमा गुणस्तर आश्वस्तता योजना (Quality Assurance Plan) तयार गरी कार्यान्वयन गर्नु पर्दछ । पालिकावाट सञ्चालन भएका योजनामा गुणस्तरिय कार्य सम्पादन गराउनको लागि गुणस्तर आश्वस्तता योजना (Quality Assurance Plan) तयार गरी सोको कार्यान्वयन अभिलेखिकरण गर्ने गरेको देखिएन । निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री तथा कार्यको गुणस्तर परीक्षणको लागि नमुना छनौट प्रकृया सुधार गर्ने र उपभोक्ता समितिवाट सम्पादन गरेका कार्यको समेत उपयुक्त गुणस्तर आश्वस्तता योजना तयार गरी अनुगमनका साथै निर्माण कार्यमा प्रयोग भएको निर्माण सामाग्रीको परिमाण, सोको गुणस्तर र सम्पादन भएको कार्यको गुणस्तर सुनिश्चित हुनु पर्दछ ।

## ५८ त्रुटि सच्याउने दायित्व

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सोको प्रतिवेदन तयार गर्ने पर्ने र नियम १२५ मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन वमोजिम भएमा कार्य सम्पन्न स्वीकृत गरी निर्माण व्यावसायीलाई समेत कार्यसम्पन्न प्रमाणपत्र दिनु पर्ने उल्लेख छ । पालिकाले सञ्चालन गरेका सार्वजनिक निर्माण कार्यहरुमा त्रुटि सच्याउने दायित्वको अवधि भित्र रहेका निर्माण योजनाको विवरण अद्यावधिक नगर्नुका साथै सम्पन्न भएको कार्यको स्वीकार प्रतिवेदन तयारी वेगर सम्पन्न प्रतिवेदन स्वीकृत गरेको देखियो । पालिकाले त्रुटि सच्याउने दायित्वको अवधि भित्र रहेका निर्माण योजनाको विवरण तयार गरी देखिएका त्रुटि निर्माण व्यवसायीलाई सुधार गर्न लगाई नियमावलीको व्यवस्था अनुसार कार्यसम्पन्न प्रमाणपत्र स्वीकृत हुनु पर्ने व्यवस्था कार्यान्वयन हुनु पर्दछ ।

५९ **क्रमागत कार्यक्रम**

आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी वनाउन विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार नभई वार्षिक रुपमा कार्यक्रम तथा वजेट निर्धारण गर्न हुँदैन। DPR बेगर क्रमागत रुपमा कार्यान्वियन हुने भएमा योजनाको मितव्ययी र व्यवस्थित कार्यान्वियन भएको अवस्था खुल्ने विवरण तयार हुनु पर्दछ । पालिकाले वार्षिक रुपमा अधुरो कार्य सम्पन्न गर्ने कार्यक्रम निर्धारण गरी वार्षिक रुपमा लागत अनुमान तयार गरी वजेट कार्यान्वियन गरेका वडा कार्यालयको भवन, सडक लगायत विकासका पुर्वाधारको विगतमा भएको कार्य खुल्ने नापी किताव एकिकृत रुपमा जिन्सी तथा योजना शाखामा नराखेका केही उदाहरण निम्नानुसार रहेका छन । विगतमा भूक्तानी भएको कार्य नदोहोरिएको, व्यवस्थित, गुणस्तरिय र मितव्ययी रुपमा पूर्वाधार निर्माण कार्य भएको पुष्ट्याई हुने गरी एकिकृत रुपमा नापी किताव लगायत विवरण राख्ने व्यवस्था हुनु पर्दछ ।

| क्र.सं. | योजनाको नाम | भौचर नं. | यस वर्षको कार्यको खर्च | सुत्रको अभिलेख अनुसार विगतको खर्च |
|---|---|---|---|---|
| १ | वडा न ६ को अधुरो वडा कार्यालय भवन | १८१।०८१।३।२४ | १७७२०४१ | २०७९४८५ |
| २ | वडा न ४ को अधुरो वडा कार्यालय भवन | ६८।०८१।२।९<br>१८९।०८१।३।२४ | १४१४९०५ | २०४०५१३ |
| ३ | वडा न ८ को वडा कार्यालय भवन र सभाहल | १९५।०८१।३।२४ | ११३१९३९ | ४०२५०६६ |
| ४ | वडा न १० को अधुरो वडा कार्यालय भवन | ० | ० | २०१३२७३ |

६० **कालोसूचि सिफारिस**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(३) अनुसार दफा २७(२) वमोजिमको सूचना दिएको सात दिनको अवधिभित्र कुनै वोलपत्रदाताले दफा ४७ वमोजिम निवेदन नगरेमा दफा २७(१) वमोजिम स्वीकृतिको लागि छनौट भएको न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही वोलपत्रदातालाई १५ दिन भित्र खरिद सम्झौता गर्नको लागि कार्यसम्पादन जमानत दाखिला गर्न सूचना दिनु पर्ने उल्लेख छ । त्यसै गरी सोही ऐनको दफा २७(५) अनुसार दफा २७(३) को अवधि भित्र कार्यसम्पादन जमानत दाखिला गरी वोलपत्रदाता सम्झौता गर्न नआएमा निजको वोलपत्र जमानत रकम जफत गरी सोभन्दा लगत्तै पछिको अर्को न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही वोलपत्रदाताको वोलपत्र स्वीकृत गरी खरिद सम्झौता गर्नु पर्ने र ६३(१ख) अनुसार सोही ऐनको दफा २७ वमोजिम स्वीकृतिको लागि छनौट भएको वोलपत्रदाता (निर्माण व्यावसायी) खरिद सम्झौता गर्न नआएमा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक वर्षदेखि तीन वर्षसम्म कालोसुचिमा राख्न सक्ने व्यवस्था छ । पालिकाले लागत अनुमान रु. ९७,३०,६४५.५१ भएको कमल दह पर्यटकिय स्थल निर्माण (ठेक्का नं. ३/०८०/८१) को कार्य गर्न स्कृतिको लागि छनौट भएको पहिलो न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही वोलपत्रदाता निर्माण व्यावसायी श्री सुशान निर्माण सेवाले रु. ७०,७४,६०८.८४ कवोल गरेकोमा पालिकाको २०८१।१।१६ को सुचना अनुसार १५ दिन भित्र २०८१।१।३० सम्म सम्झौता गर्न नआएकोले रु. २,९०,०००.०० जफत गरी दोश्रो घटी कवोल गर्ने निर्माण व्यावसायी हलेसी तिलक निर्माण तथा इन्जिनियरिङ्ग सोलुशनसँग रु. ८७,०९,८७८.३७ मा सम्झौता गरेको देखियो । पालिकाले ऐनको व्यवस्था अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालय मार्फत निर्माण सम्झौता गर्न नआउने निर्माण व्यावसायिलाई कालोसूचिमा राख्नु पर्दछ ।

६१ **राष्ट्रिय माध्यामिक विद्यालय भवन, फत्तेपुर, सप्तरी**

विद्यालयको चित्र "क" मा समावेश भवन निर्माण गर्नको लागि सर्वमंगल इन्जिनियरिङ्ग कन्सल्टेन्सी, कन्स्ट्रक्सन एण्ड सप्लायर्सवाट तयार भएको विस्तृत परियोजना प्रतिवेदन (DPR) अनुसार कुल लागत कन्टिन्जेन्सीवाहेक रु. २,०२,३९,७९४.२२ को कार्यान्वियन र विद्यालय परसरमा अन्य निर्माणाधिन अवस्थामा रहेका अधुरा भवनको स्थलगत अवलोकन समेतवाट देखिएका व्यहोरा निम्नानुसार रहेको छ ।

क. निम्नानुसार चित्र "क" मा उल्लेखित विद्यालय भवनको भुई तलाको निर्माण कार्य २०७८ असार मसान्तसम्ममा सम्पन्न गर्ने गरी २०७७।८।११ मा पर्फेक्ट कन्स्ट्रक्सन, ललितपुरसँग रु. ७३,०२,९९७.०० को निर्माण सम्झौता गरेकोमा २०७८ असार मसान्तसम्म

रु. ७३,०३,६४३.३९ भुक्तानी गरेको र आर्थिक वर्ष २०८०।८१ मा भुक्तानी नभएको देखियो । निर्माण सम्झौताको विल अफ क्वान्टिटीमा समावेश झ्याल र ढोकाको पल्ला, रङ्गरोगन र विद्युतको कार्य नभएको, सोको भुक्तानी समेत नभएको र सम्झौताको अवधि समेत थप नभएको देखियो । निर्माण सम्झौतामा उल्लेखित सर्तको पालना भई निर्माण कार्य सम्पन्न हुनु पर्दछ ।
त्यस्तै लागत अनुमान रु. ५७,९३,६०२.३७ भएको पहिलो तला थप कार्यको लागि ठेक्का नं. ७।०७७।७८ को २०७८।२।२५ मा रु. ५७,८९,००२.५२ मा निर्माण सम्झौता भई रु. ५७,८९,००२.५२ भुक्तानी भई सम्झौता अनुसार कार्य सम्पन्न गरेको देखियो । स्थलगत अवलोकन गर्दा भुईतलाको झ्याल र ढोकाको पल्ला, रङ्गरोगन र विद्युतको कार्य वाँकी रहेको, तला थपको कार्य भएकोमा प्लाष्टर झ्याल र ढोकाको पल्ला, रङ्गरोगन र विद्युत लगायतको कार्य वाँकी भई प्रयोग हुन सक्ने अवस्था रहेको देखिदैन ।

ख. पालिकाले निम्नानुसार चित्र "ख" को विद्यालयको गेट नजिक बजारपट्टी स्टल निर्माण गर्न सुत्रको अभिलेख अनुसार रु. ९,९९,३०५.०० खर्च गरेकोमा पिल्लर सम्म निर्माण भएको र केही वालको कार्य भई अधुरो अवस्था रहेको देखियो ।

ग. निम्नानुसार चित्र "ग" मा रहेको विद्यालय भवन निर्माणको वजेट तथा खर्च विवरण उपलव्ध नभएको र सो भवनमा रङ्गरोगन र विद्युतको कार्य वाँकी रहेको अवस्था छ ।

| | |
|---|---|
|  |  |
| क. पालिकाको ठेक्का नं. २।०७६।७७ र ७।०७७।७८ वाट निर्माणाधिन विद्यालय भवन | ख. पालिकावाट विद्यालय गेट नजिक स्टल निर्माण अवस्था |

उल्लेखित अवस्थाले विद्यालयको पुर्वाधार निर्माण अवस्था व्यवस्थित नदेखिएको र विद्यालय कक्षा कोठाको अभावमा पठनपाठनमा समेत समस्या देखिएकोले उपलब्ध सार्वजनिक श्रोतको समुचित उपयोग हुनेगरी निर्माणाधिन विद्यालय भवनको निर्माण सम्पन्न गरी विद्यालयको पुर्वाधार व्यवस्थित वनाउनु पर्दछ । आगामि दिनमा विद्यालय भवन निर्माण गर्दा उपलव्ध भएको जग्गाको उच्चतम प्रयोग भई व्यवस्थित पुर्वाधार निर्माण भएको सुनिश्चित हुने गरी व्यवस्थित गुरु योजना तयार गरी कार्यान्वियन गर्न पालिकाले ध्यान दिनुपर्दछ ।

### ६२ सुरक्षित नागरिक आवास निर्माण योजना

आवासको अधिकार सम्वन्धी ऐन, २०७५ को परिच्छेद ३ मा उल्लेख भए वमोजिम आवास सुविधा उपलव्ध गराउन सक्ने र दफा ३१ अनुसार तिनै तहले आवासको अधिकार सम्वन्धी ऐन, २०७५ तथा अन्तर्गत वनेको नियमको अधीनमा रही आवश्यक कार्यविधि वा निर्देशिका वनाउन सक्ने उल्लेख छ । पालिकाले कार्यविधि तयार नगरी सोही ऐन अन्तर्गत रहने गरी पालिका, ह्याविट्याट फर ह्युम्यानिटी नेपाल र महुली सामुदायिक विकास केन्द्र विच सप्तकोसी नगरपालिका वडा नं. ४ को कामत टोलमा वसोवास गरिरहेका गरिव, सामाजिक वहिष्करणमा परेका, जोखिमयुक्त स्थानमा वसोवास गरिरहेका भुमीहिन, सुकुम्वासी, दलित, जनजाती तथा अन्य पिछडा समुदायका २० परिवारको लागि लक्षित परिवार एवं समुदायको प्रत्यक्ष सहभागितामा हिल्टि मोडेलको आवास घर (२ कोठा, १ भान्छाकोठा र १ शौचालय) घरहरु २०८०।३।१५ सम्म निर्माण गर्ने २०७९।११।११ मा सम्झौता भएकोमा पछिल्लो पटक २०८१।३। ३१ सम्म म्याद थप भएको देखियो । सम्झौता अनुसार एक घर निर्माण गर्न लागत रु. ५,२८,५००.१८ अनुमान गरेको मध्ये

लाभग्राहिले रु. ८३,५००.१८, ह्याविट्याट फर ह्युम्यानिटी नेपालले रु. २ लाख र नगरपालिकाले २,४५,०००.०० व्यहोर्ने गरी २० घरको कुल लागत अनुमान रु. १,०५,७०,०००.०० तयार गरी सुरक्षित आवास निर्माण उपभोक्ता समिति, कामत टोल, वडा नं. ४ लाई २०७९।११।१७ मा निर्माणको कार्यादेश दिएको दखियो । उपभोक्ता समितिले १८ वटा घर रु. ८०,२९,४८१.९० मा निर्माण गरी पालिकाले भुक्तानी गर्नु पर्ने कन्टिन्जेन्सी वाहेक रु. ३६,०२,८४३.१३ मध्ये गोश्वारा भौचर नं. ७६।०८१।२।१४ वाट रु. २७,०२,८४३.०० भुक्तानी भएकोमा रु. ९ लाख गत वर्ष नागरिक आवासवाट भुक्तानी भएको उल्लेख छ । यस सम्वन्धमा परिक्षण गर्दा सम्झौता अनुसार परियोजना सम्पन्न नभएता पनि १८ वटा घर सम्पन्न भएकोमा लक्षित वर्गलाई हस्तान्तरण नभएको अवस्थामा घरमा वडा नं. ४ को कामत टोलमा वसोवास गरिरहेका भुमिहिन लक्षित वर्ग वसोवास गरिरहेको जनाएको, निर्माण कार्य सार्वजनिक जग्गामा भएको, सुकुम्वासी पहिचान परिचयपत्र जारी नगरेको पाईयो । सार्वजनिक जग्गाको उचित उपयोग र भुमिहिन लक्षित वर्गको आवास समस्याको दीगो समाधान भै आवासको अधिकार सम्वन्धी ऐनको कार्यान्वयन हुनु पर्दछ ।

६३ **पन्ध्र शैयाको अस्पताल भवन निर्माण**

पन्ध्र शैयाको अस्पताल भवन निर्माण कार्य २४ महिना भित्र सम्पन्न गर्ने गरी लामा कन्स्ट्रक्सन कम्पनी (प्रा.) लि. सँग २०७९।१।४ मा रु. १४,७०,५५,९१३.७४ को सम्झौता भएकोमा आर्थिक वर्ष २०७९।८० को अन्त्यसम्म मूल्य समायोजन रु. १,१३,९३,१५९.९९ समेत रु. १५,७१,४५,००६.९१ भुक्तानी भएको छ । आर्थिक वर्ष २०८०।८१ मा कुनै भुक्तानी नभएको र निर्माण कार्य समेत सम्पन्न नभएको अवस्थामा कार्यपालिकाको २०८१।५।१९ को निर्णय नं. ५ अनुसार २०८१ कात्तिक मसान्तसम्म निर्माणको अवधि कायम गरेको देखियो । निर्माण कार्यको सम्झौताको सर्तमा उल्लेखित व्यवस्था कार्यान्वयन गरी निर्माण कार्य सम्पन्न हुनु पर्दछ ।



६४ **वर्थिङ्ग सेन्टर**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) अनुसार वोलपत्र दाताले लागत अनुमानको पन्ध्र प्रतिशतभन्दा वढी घटेर कबोल गरेमा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कबोल गरेकोको हो सोको पचास प्रतिशतले हुन आउने रकम कबोल अङ्कको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत वापत दाखिला गर्नुपर्ने, सोही ऐनको दफा ५९(८) वमोजिम सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको पूरै जमानत जफत हुने र वाँकी कार्य गर्न लाग्ने आवश्यक रकम काम नगर्ने वोलपत्रदातावाट सरकारी वाँकी सरह असुल उपर गरिने, सोही ऐनको ५९(९) वमोजिम सम्झौता अन्त्य भएमा त्यस्तो सम्झौता वमोजिम बाँकी रहेको कार्य पूरा गर्नको लागि दफा २५ बमोजिम छनौट भएका वोलपत्रदाताहरु मध्येवाट पन्ध्र दिनको म्याद दिई तोकिए वमोजिम आर्थिक प्रस्ताव माग गरी सम्झौता गर्न सकिने र पालिकाले गरेको निर्माण सम्झौताको सर्त नं. ११.४(ग) अनुसार निर्माण व्यावसायीको त्रुटीको कारण ठेक्का सम्झौता अन्त्य भएको अवस्थामा सम्पन्न नभएको कार्यको २० प्रतिशत वरावर रकमको लागि नियुक्तिकर्ता हकदार हुने उल्लेख छ।

पालिकाको वडा नं. ८ र १० को वर्थिङ्ग सेन्टर निर्माण सम्झौता सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा २(क) को कारण उल्लेख गरी सोही ऐनको दफा ५९ को उपदफा (८) वमोजिम कारवाही हुने गरी २०८०।१२।२५ को नगर प्रमुख स्तरिय निर्णय भएको देखियो । सोही निर्णयानुसार गोश्वारा भौचर नं. २३।०८०।१२।२५ वाट आर्यान कन्स्ट्रक्शन, कोशी गा.पा.को नाममा भएको भुक्तानीका वखत कट्टी गरेको धरौटी रु. ५,३८,६०१.०० सदर स्याहा गरेको देखियो । पालिकाले लागत अनुमान रु. ९४,९८,३८८.८९ भएको वडा नं. १०, सप्तरीको वर्थिङ्ग सेन्टर (ठेक्का नं. ३।०७६।७७) को कार्य २०७८ जेष्ठ मसान्तसम्म निर्माण सम्पन्न गर्नको लागि आर्यान कन्स्ट्रक्सन प्रा.लि.सँग २०७७।९।९ मा रु. ५८,९६,८२५.९२ को सम्झौता भई रु. २,६५,०००.०० को कार्यसम्पादन जमानत राखेको र निर्माणको म्याद समेत थप भएको देखिदैन । पालिकाको वडा नं १० को वर्थिङ्ग सेन्टर निर्माणको भुक्तानी, म्याद थप तथा वडा नं ८ को सम्झौता लगायत विवरण समावेश हुने ठेक्कागत अभिलेख/खाता (म.ले.प. फाराम नं. ५०६)

लेखापरीक्षणमा पेश नभएकोले निर्माण सम्झौता अन्त्य गर्ने निर्णय कार्यान्वयनको क्रममा नियमानुसार असुल गर्नु पर्ने क्षतिपुर्ति प्राप्त गरेको एकिन हुने अवस्था रहेको छैन । पालिकाले वडा नं. ८ र १० को वर्थिङ्ग सेन्टर निर्माण सम्झौता अन्त्य गर्ने निर्णय कार्यान्वयनको क्रममा नियमानुसार असुल गर्नु पर्ने क्षतिपुर्ति प्राप्त गरे नगरेको सम्वन्धमा एकिन गर्नुपर्दछ ।

६५ **पुल**

मयुर्नी खोलामा ३२ स्पान भएको संसोधित रु. ५६,५५,८४९.०० लागत अनुमान भएको स्टिल व्रिज निर्माण गर्न उपभोक्ता समितिवाट हुने निर्माण कार्यको भुक्तानी र आपुर्तकवाट खरिद भई उपभोक्ता समितिलाई हस्तान्तरण भएको अवस्था निम्नानुसार रहेको छ । उपभोक्ता समितिसँगको सम्झौतामा तोके अनुसार समयमा पुल निर्माण सम्पन्न गरी पुल निर्माणको क्रममा उपभोक्ता समितिलाई हस्तान्तरण भएको सम्पुर्ण पुल निर्माणको सामाग्री उपयोग तथा वचत सम्वन्धी खुल्ने विवरण वा एकिकृत नापि किताव अद्यावधिक राख्नु पर्ने देखिन्छ ।

| क्र.सं. | कामको विवरण | सम्झौता मिति | भुक्तानी रकम | थप व्यहोरा |
|---|---|---|---|---|
| १ | सप्तकोशी उपभोक्ता समिति | २०७८।११।१० | १७०८३६६ | सम्झौता कार्यान्वयन नगरेकोले रद्द गरेको |
| २ | रामजानकी उपभोक्ता समिति | २०७९।१२।१९ | | वाँकी कार्य गर्न नयाँ उपभोक्ता समितिसँग सम्झौता गरेको |
| ३ | स्टिल पार्टस लगायत | २०८०।१२।१ | १६५७४०९ | उपभोक्ता समितिलाई हस्तान्तरण भएको |

६६ **घटी विल भरपाई**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा खर्च पुष्ट्याँईं गर्ने विल भर्पाई प्रमाण कागजात संलग्न गर्नुपर्ने र नियम ३९(१०)मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भूक्तानी गर्न आवश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।

लघुउद्यम विकास कार्यक्रम अन्तरगत वडा नं. ८ मा मिती २०८१।१।२४ देखि १।३० सम्म सन्चालित एडभान्स झोला वनाउने तालिममा रु ९८,३११/- खर्च देखाएकोमा खर्च विल प्रमाण रु ८१,३११/- मात्रै देखिएकोले वढी खर्च लेखेको रु १६,८८९/- असूल दाखिला हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,८८९ |

६७ **कमल दह पर्यटकिय स्थल निर्माण**

संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) मा रु. ५० लाख र पालिकाको रु. ५० लाख समेत रु. १ करोड वजेटवाट लागत अनुमानमा रु. ९७,३०,६४५.५१ भएको कमल दह पर्यटकिय स्थल निर्माण (ठेक्का नं. ३/०८०/८१) को कार्य गर्न स्कृतिको लागि छनौट भएको पहिलो न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही वोलपत्रदाता निर्माण व्यावसायी श्री सुशान निर्माण सेवाले रु. ७०,७४,६०८.८४ कवोल गरेकोमा पालिकाको २०८१।१।१६ को सुचना अनुसार १५ दिन २०८१।१।३० सम्म सम्झौता गर्न नआएकोले दोश्रो घटी कवोल गर्ने निर्माण व्यावसायी हलेसी तिलक निर्माण तथा इन्जिनियरिङ्ग सोलुशनसँग रु. ८७,०९,८७८.३७ मा सम्झौता भएको देखियो । निर्माण कार्यको निर्माण अवधि कार्यपालिकाको २०८१।५।१९ को निर्णय नं. ५ अनुसार २०८१ कात्तिक मसान्तसम्म थप भएकोमा लेखापरीक्षण अवधिसम्म कुनै पनि रनिङ्ग विल भुक्तानीको लागि पेश भएको देखिएन । पालिका र निर्माण व्यावसायी विच भएको निर्माण सम्झौतामा उल्लेखित सर्तको पालना हुनु पर्दछ ।

६८ **टेङरा खोला तथा नदी नियन्त्रण कार्य**

संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) तर्फ टेङरा खोला तथा नदी नियन्त्रण कार्य (स.न.पा. वडा नं. २, ४, ५ र १०) को लागि रु. २ करोड विनियोजन भएकोमा पालिकाले परामर्श सेवा मार्फत गोश्वारा भौचर नं. ३७।०८१।३।२३ वाट रु. ४,९१,१८१.०० भुक्तानी गरी यसोधा आर्किटेक्सवाट विस्तृत आयोजना अध्ययन प्रतिवेदन प्राप्त गरेको देखियो । प्रतिवेदन अनुसार

सम्भावित मूल्य समायोजन तथा कन्टिन्जेन्सी समेत रु. १९,१०,६२,२३६.९१ परियोजना लागत रहेकोमा कार्यपालिकाको २०८०।११।२२ को निर्णयानुसार अध्ययन गरी कार्यान्वयन अघि वढाउने निर्णय भएको देखियो । संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) तर्फ विनियोजन भएको वजेट मध्ये विस्तृत परियोजना प्रतिवेदन तयार वाहेक थप खर्च भएको देखिदैन । समयमा खरिद व्यवस्थापनको प्रकृया पुरा गरी वार्षिक कार्यक्रम कार्यान्वयन गरी तोकिएको उपलव्धि हासिल गर्नु पर्दछ ।

६९ **म्यागजिन चौरिया सिमसार पर्यटकीय स्थल निर्माण**

संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) मा रु. ५० लाख र पालिकाको रु. १ करोड समेत रु. १ करोड ५० लाख वजेटवाट लागत अनुमान कन्टिन्जेन्सी समेत रु. १,४९,९७,९७९.६७ तयार गरेको म्यागजिन चौरिया सिमसार पर्यटकीय स्थल निर्माण (ठेक्का नं. ४/०८०/८१) को कार्य २०८१।३।१५ सम्म सम्पन्न गर्ने गरी अपन निर्माण सेवा, ललितपुरसँग रु. ८५,६९,२५८.४३ मा सम्झौता भएकोमा गोश्वारा भौचर नं. २९।०८१।३।५ मा संघीय समपुरकवाट रु. ७,५०,०००.०० पेश्की भुक्तानी गरेको देखियो। निर्माण कार्यको निर्माण अवधि कार्यपालिकाको २०८१।५।१९ को निर्णय नं. ५ अनुसार २०८१ कात्तिक मसान्तसम्म थप भएकोमा लेखापरीक्षण अवधिसम्म कुनै पनि रनिङ्ग विल भुक्तानीको लागि पेश भएको देखिएन। पालिका र निर्माण व्यावसायी विच भएको निर्माण सम्झौतामा उल्लेखित सर्तको पालना हुनु पर्दछ।

७० **संघीय समपूरक अनुदान**

संघीय समपूरक अनुदान सम्वन्धी कार्यविधि, २०७५ को बुँदा ६ अनुसार स्थानीय तहले कुल लागतको पचास प्रतिशत लागत साझेदारीमा आयोजना कार्यान्वयन गर्नुपर्ने उल्लेख छ।पालिकाले संघीय समपुरक अनुदानतर्फ रु. ८० लाख वजेट प्राप्त गरी ट्याङ्ग्रा खोला, मयूरनी खोला, अमाहा खोला लगायत अन्य खहरे खोला नियन्त्रण तथा व्यवस्थापन कार्य गरेको छ। मूल्यअभिवृद्धि कर र कन्टिन्जेन्सी समेत रु. १,५९,९३,९८७.४१ लागत अनुमान भएको उक्त कार्य गर्न वोलपत्र विधिवाट घटी रु. ९३,३६,२२९.२६ कवोल गर्ने निशु कन्स्ट्रक्सन प्रा.लि.सँग २०८१।३।१५ सम्म निर्माण सम्पन्न गरिसक्ने गरी २०८१।१।२० मा सम्झौता भएकोमा कार्यपालिकाको २०८१।५।१९ को निर्णयानुसार २०८१ कात्तिक मसान्तसम्म निर्माण अवधि थप कायम गरेको देखियो । पालिकाले संघीय समपुरक कोषवाट निर्माण कार्यसँग सम्वन्धित सुचना प्रकाशनमा रु. २,४२,०४६.०० तथा निर्माण कार्यमा रु. ७०,०७,९५४.०० र स्थानीय तहको वजेटवाट निर्माण कार्यमा रु. ५,७१,७९२.०० समेत कुल रु. ७८,२१,७९२.०० खर्च गरेको छ । कार्यविधि अनुसार कुल खर्चको ५० प्रतिशत रु. ३९,१०,८९६.०० स्थानीय तहवाट खर्च भुक्तानी गर्नु पर्नेमा थप रु. ३३,३९,१०४.०० समेत संघीय सञ्चित कोषवाटै खर्च लेखाङ्कन गरेको देखियो । लेखापरीक्षण अवधिसम्म सम्झौताको अवधि समेत सकिएकोले सम्झौताका सर्त अनुसार निर्माण कार्य सम्पन्न गर्ने र योजना सम्पन्न पश्चात संघीय समपुरक अनुदान कार्यविधि अनुसार लागत सहभागिता हुने सुनिश्चित गरी घटी लागत सहभागिता निक्यौंल गरी स्थानीय सञ्चित कोषवाट संघीय सञ्चितकोषमा दाखिला हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३३,३९,१०४ |

७१ **नवीकरणीय उर्जा प्रविधि जडान**

मेचि महाकाली उर्जा विकास कम्पनी प्रा.लि.ले पेश गरेको कोटेशन अनुसार वायोग्यास प्रति प्लान्ट निर्माण कार्यको लागत रु. ८७,५५०.०० मध्ये नगरपालिकावाट रु. ४० हजार व्यहोर्ने गरी रु. २,८०,०००.०० र २८ वटा सोलार प्रणाली रु. १८,५५०.०० दरले रु. ५,१९,५००.०० को कार्य २०८१।३।१५ मा सम्पन्न गर्ने गरी २०८१।२।९ मा सम्झौता पालिकासँग सम्झौता भएको देखियो । सो सम्झौता कार्यान्वयन गर्न पालिकाले संघीय सरकारवाट हस्तान्तरण भएको रु. ८ लाख वजेटको नवीकरणीय उर्जा प्रविधि जडान तर्फ ७ घरमा वायोग्यास प्लान्ट जडान गरेको र सोको लागि रु. ४० हजारको दरले रु. २ लाख ८० हजार र २० वाटको सोलार सिस्टम २८ सेट नगरपालिको जिन्सी शाखाको कर्मचारी अनिता चौधरीले वुझेको आधारमा रु. १८,५५०.०० दरले रु. ५,१९,४००.०० समेत रु. ७,९९,४००.०० गोश्वारा भौचर नं. ३५।०८१।३।२२ वाट मेचि महाकाली उर्जा विकास कम्पनी प्रा.लि. लाई भुक्तानी गरेको देखियो । नवीकरणीय उर्जा अनुदान नीति, २०७८ अनुसार अनुदान वाहेकको सम्झौता अनुसारको पालिकाले उपलव्ध गराउने खर्च सम्वन्धमा पालिकामा छुट्टै वजेट व्यवस्था गरेको नदेखिनुका साथै यस सम्वन्धि देखिएका थप व्यहोरा निम्नानुसार रहेका छन ।

७१.१ नवीकरणीय उर्जा अनुदान नीति, २०७८ को बुँदा नं. ११.५.१ मा ६ घनमिटर वा सो भन्दा वढी क्षमताको घरायसी बायोग्यास प्लान्ट निर्माण गर्न प्रति प्लान्ट प्रति घर धुरी तराईको जिल्लामा रु. २८,८००.०० अनुदान उपलव्ध गराउने उल्लेख छ । पालिकाले वायोग्यास प्लान्ट निर्माण गर्दा सामान खरिदको विल भरपाईको आधारमा भुक्तानी गरेकोमा प्राविधिक रुपमा लागत अनुमान तथा कार्यसम्पन्न प्रतिवेदन तयार समेत गरेको देखिएन । उक्त कार्यमा नवीकरणीय उर्जा अनुदान नीति, २०७८ मा उल्लेखित भन्दा वढी अनुदान भुक्तानी भएको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७८,४०० |

७१.२ नवीकरणीय उर्जा अनुदान नीति, २०७८ को बुँदा नं. ११.२.१ मा १० देखि २० वाट पिक क्षमताका साना घरेलु सौर्य प्रणाली प्रति घरधुरी प्रति प्रणाली “क”, “ख” र “ग” वर्गको क्रमसः रु. ५,०००.००, रु. ४,८००.०० र रु. ४,५००.०० अनुदान उपलव्ध गराउने उल्लेख छ । पालिकाले मेचि महाकाली उर्जा विकास कम्पनी प्रा.लि. २० वाटको सोलार सिस्टम २८ सेट रु. १८,५५०.०० का दरले रु. ५,१९,४००.०० खरिद गरेको छ । पालिकाले उक्त सोलार सिस्टम नवीकरणीय उर्जा अनुदान नीति, २०७८ अनुसार वितरण गरी अनुदान वाहेकको रकम संघीय संचित कोष दाखिला गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५२,९०० |

७२ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सुचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभुत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत रु ५३,६१,०००।– वजेट स्वीकृत भई पालिका अन्तर्गत ६ वडामा १० योजना सञ्चालन गरी यस वर्ष ७८ जनालाई औसत ६५ दिनले ५५३९ दिन रोजगारी उपलव्ध गराई रु. ३९,२८,५०८/- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

७३ **शैक्षिक क्षेत्र अनुदान**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता तथा दिवा खाजा बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले संघीय सरकारबाट सिमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक आय पनि सिमित रहेको अवस्थामा सिमित स्रोतको अधिकतम उपयोग हुने गरि योजनाहरु कार्यान्वयन गर्नुपर्दछ । पालिकाले नगर सभाद्धारा बजेट पारित गरी शैक्षिक क्षेत्रमा देहायका कार्यक्रममा बजेट विनियोजन गरी यस वर्ष रु. ७५,६३,२६५।०० खर्च गरेको छ ।

| क्र.सं. | कार्यक्रमको विवरण | खर्चको श्रोत | खर्च रकम |
|---|---|---|---|
| १ | सिकाई सहजिकरणका लागि TLM अन्तर्गत १६ जना निजी शिक्षकको पारिश्रमिक सुविधा भुक्तानी | नेपाल सरकार समानीकरण | ५६३९१०० |
| २ | दिवा खाजा साझेदारी अन्तर्गत बा.वि.के. देखी ५ सम्मका प्रति विद्यार्थी रु. ५ का दरले र कक्षा ६ का लागी प्रति विद्यार्थी २० का दरले विद्यालयलाई अनुदान | नेपाल सरकार समानीकरण | १९२४१६५ |
| | **जम्मा** | | **७५६३२६५** |

आन्तरिक श्रोतबाट प्रारम्भिक बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीको थप पारिश्रमिक जस्ता अनिवार्य दायित्व भुक्तानी गर्न नसकेको अवस्थामा समेत खर्च सुनिश्चितता बेगर समानिकरण अनुदानबाट निजी शिक्षक नियुक्ति तथा संघिय कार्यक्रममा थप गरी खर्च

गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

### ७४ विद्यालय कर्मचारी र प्रारम्भिक बालविकास सहजकर्ता थप पारिश्रमिक

नेपाल सरकारको बजेट वक्तव्य तथा शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था बमोजिम विद्यालय कर्मचारी तथा बालविकास सहायक कर्मचारीहरुको थप पारीश्रमिक स्थानीय श्रोतबाट व्योहर्नु पर्ने उल्लेख भएकोमा पालिकाले यस वर्ष समानिकरण अनुदानबाट प्राप्त रकमबाट १० विद्यालका विद्यालय कर्मचारी तथा बालविकास सहायक कर्मचारीहरु सहित २६ जनाको थप पारीश्रमिक बापत रु. २७,१९,६१६।०० खर्च गरेको छ । पालिकाले नियममा व्यवस्था भएअनुसार आन्तरिक श्रोतमार्फत उक्त खर्चको व्यवस्थापन गर्नुपर्दछ ।

### ७५ विद्यालय दिवा खाजा

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३** को निर्णयले रू **३,८६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३** को निर्णयले रू **१०,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

### ७६ नगद दाखिला गरि पेश्की फस्यौट

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा कार्यालयको कामको सिलसिलामा कर्मचारी तथा पदाधिकारीले पेश्की लिने र लिएको पेश्की तोकिएको समयमा कार्यक्रम कार्यान्वयन गरी नियमानुसार फस्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न अनुसारले कार्यक्रम नगरी नगदै फिर्ता दाखिला गरि पेश्की फस्यौट गरेको छ। यसरी कार्यक्रम नगरी सोही रकम नगद दाखिला गरि पेश्की फस्यौट गर्ने प्रवृतिमा नियन्त्रण हुनुपर्दछ।

| पेश्की फर्छौट गो . भौ. | पेश्की लिएको मिति | कार्यक्रम विवरण | रकम रु |
|---|---|---|---|
| १९१।२०८१।३।२३ | ११८।२०८१।२।२३ | विनिता कुमारी गरिवी निवारणका लागि एडभान्स सिप तालिम | ७२,०००/- |
| ४१।२०८१।३।३१ | २२।२०८१।३।६ | जय प्रकाश चौधरी शैक्षिक योजना | १,२०,०००/ |
| ४२।२०८१।३।३१ | २२।२०८१।३।६ | प्र. अ. को ३ दिने क्षमता विकास तालिम | ६८,०००/- |
| ४३।२०८१।३।३१ | २२।२०८१।३।६ | नगर स्तरीय विद्यार्थि निर्मित शैक्षिक तथा विज्ञान प्रदर्शनी र सम्मान कार्यक्रम | १,००,०००/- |

| सोधभर्ना नलिएको |
|---|

### ७७ औषधी खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । कार्यालयले उक्त प्रक्रिया नगरि रु. ७,९९,९९१/- का विभिन्न औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको थप व्यहोराहरु निम्नानुसार छनः

• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको।

• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टीफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको।

• आपूर्ति भएका औषधी एवम् सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको जाँच गरि नखुलाएको

कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको।

• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको अलग अलग खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको।

• औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्ने एकमुष्ट परिमाण जिन्सीबाट घटाउने गरेको।

७८ **अनुगमन खर्च बढी भुक्तानी**

भिटामिन ए क्यापसुल आम वितरण कार्यक्रमका लागि अनुगमनमा ६ कर्मचारीका लागि वढीमा २ दिन सम्मका लागि प्रति दिन रु. १,०००/- का दरले अनुगमन खर्च गर्न सक्ने कुरा स्थानीय तहहरुमा सशर्त अनुदानबाट सञ्चालन गरिने स्वास्थ्यतर्फका कार्यक्रम सञ्चालन सम्वन्धी मार्गदर्शन आ.ब. २०८०।८१ मा व्यवस्था गरेको छ।कार्यालयले भिटामिन ए क्यापसूल आमवितरण कार्यक्रमका लागि अनुगमनमा गो. भौ. ३७-२०८०।६।२७ बाट ६ जनालाई २ दिनका दरमा १६ दिनका लागि रु. १२,०००/- र गो.भौ. १११-२०८१।२।९ बाट १० जनालाई २ दिनको दरमा २० दिनका लागि रु २०,०००/- भुक्तानी गरेको छ।यसरी सशर्त अनुदानबाट सञ्चालन गरिने स्वास्थ्यतर्फका कार्यक्रम सञ्चालन सम्वन्धी मार्गदर्शन आ.ब.२०८०।८१ को व्यवस्था विपरित वढी भुक्तानी भएको रकम असूल दाखिला हुनुर्ने रु.

| नाम | रकम रु | कर पछिको रकम रु |
|---|---|---|
| प्र. प्र. अ. रामदेव चौधरी | २००० | १७०० |
| ज. स्वा. अ. महेश चौधरी | २००० | १७०० |
| ज. स्वा. अ. महेन्द्र झा | २००० | १७०० |
| सि. अ. हे.ब. छैँठौं जिवछ प्रसाद साह | २००० | १७०० |
| ज. स्वा. नि. गिरधारी प्र साह | २००० | १७०० |
| ज. स्वा. नि. हेम नारायण चौधरी | २००० | १७०० |
| जम्मा | | १०,२००/- |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,२०० |

७९ **मकै वाली प्रवर्दन कार्यक्रम**

प्रदेश तथा स्थानिय तहमा सशर्त वित्तीय हस्तान्तरण कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधी २०८० मा उल्लेखित कार्यक्रम वमोजिम उन्नत विउ मकैवाली प्रवर्दन कार्यक्रमबाट कृषकहरुलाई वितरण गर्नको लागि खरिद गरेका देहाय बमोजिमका विभिन्न सामाग्रीहरु वितरण नभै कार्यालयमै मौज्दात रहेको देखिन्छ।यसरी कार्यक्रम वजेटबाट विना तयारी खरिद कार्य मात्र गरि गरिएको कार्यक्रम खर्च रकम नियम सम्मत नदेखिएको रु.

| गो. भौ. | कार्यक्रम विवरण | रकम रु. |
|---|---|---|
| १२५...२०८१।२।३१ | Maize planter 4 pc | ७२,४००/- |
| | Caron 1 pc | १६,९००/- |
| | Maize pillar 4 pc | १,४९,६००/- |
| | **जम्मा रु.** | **२,३८,९००/-** |

| | |
|---|---|
| अनियमित भएको | २,३८,९०० |

## ८० वितरित भरपाई

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा खर्च पुष्ट्याँईं गर्ने विल भर्पाई प्रमाण कागजात संलग्न गर्नुपर्ने र नियम ३९(१०)मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भूक्तानी गर्न आवश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।

कार्यालयबाट सञ्चालित देहायका कार्यक्रम सञ्चालन भएका वितरणका भरपाईमा मिती समेत खुल्दैन, केहिमा सँख्या किटान नभएको, केहिमा हस्ताक्षर नै नरहेको समेत पाईयो।साथै सवै भरपाईहरु सादा पानामा तथा गाउँपालिकाले तोकेका वडा र केन्द्रका कर्मचारीले प्रमाणित गरेको समेत पाईएन। वितरण गरिएका अनुदानका कार्यक्रमबाट खरिद भएका सामानहरु वुझाउदा पहिचान स्पष्ट खुल्ने किसिमका विलभरपाई तयार गरी सो लाई आधिकारिक व्यक्तिबाट प्रमाणित भई आएपछि मात्र यस्ता अनुदान भुक्तानी हुने व्यवस्था गर्नुपर्दछ।

| **गो. भौ.** | **कार्यक्रम विवरण** | **रकम रु.** |
|---|---|---|
| ७-२०८०।९।२२ | ५० प्रतिशत अनुदानमा प्याज विउ वितरण रेड क्रियल१००,१००० के. जि. | ५,००,००० |
| १६-२०८०।१२।३० | ५० प्रतिशत अनुदानमा धान विउ वितरण ३३० व्याग ११.५५ मे. ट. | १३,६२,२०० |
| २३-२०८१।२।२८ | कृषि विषादी वितरण | ३,९९,००० |
| | **जम्मा रु.** | **२२,६१,२००** |

## ८१ कोशेली घर साझेदारी कार्यक्रम

कोशेली घर स्थापना तथा सञ्चालन कार्यविधि, २०८० मा कोशेली घर स्थापना तथा व्यवस्थापन सम्वन्धमा विशेष व्यवस्थाहरु गरेको छ। जसअनुसार स्थानिय उद्यमीहरुबाट उत्पादित वस्तु सँकलन गरी बिक्री वितरण गर्ने कक्षका रुपमा स्थानिय तह र स्थानिय सँघ सँस्था तथा सहकारीहरुको साझेदारीमा कोशेली घर सञ्चालन हुने तथा कोशेली घरबाट वस्तु विक्रीमा २० प्रतिशत सम्म मुनाफा राखि कारोवार गरि सञ्चालकले आम्दानी खर्च प्रष्ट देखिने त्रैमासिक प्रतिवेदन पालिकाको उद्यम शाखा मार्फत सञ्चालक समितिमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले कोशेली घर साझेदारी कार्यक्रम सञ्चालनका भनि नगरपालिका चालुबाट रु. ४,९८,३६९।०० र शर्शत कार्यक्रमबाट रु. २,३१,८००।०० समेत रु. ७,३०,१६९।०० को ८ वटा सिलाई मेसिन, २१ वटा र्याक सहित १२ प्रकारका सामग्री खरिद गरी खर्च लेखेको छ । यस सम्बन्धी देखिएका व्यहोरा देहायअनुसार छः...

क) साझेदारी कार्यक्रम अन्तर्गत खरिद भएका उक्त सामग्रीहरु लेखापरीक्षण अवधिसम्म कार्यालयमा जिन्सि मौज्दात रहेको छ । यसरी खरिद गरिएका सामाग्रीहरु सञ्चालन कार्यवधि वमोजिम कोशेली घरमा हस्तान्तरण गरि कोशेली घर साझेदारी कार्यक्रम पूर्ण रुपमा कार्यान्वयन हुनुपर्ने देखिएको रु. ७,३०,१६९/-

ख) गरिबी निवारणका लागि उघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ४० मा लघु उद्यमीलाई वार्षिक कार्यक्रममा व्यवस्था भए बमोजिम प्रविधि हस्तान्तरण गरिने र प्रविधि हस्तान्तरण गर्दा उद्यमको प्रकृति हेरी व्यवसायीक योजना अनुसार कार्यक्रम र बजेटको परीधिभित्र रही लघु उद्यमी , लघु उद्यमी समुह वा उद्यमीले प्रवर्द्धन गरेका सहकारीलाई अनुसूची-१३

बमोजिम सम्झौता गरी उपयुक्त प्रविधि हस्तान्तरण गर्न सकिने उल्लेख छ । साथै सोही निर्देशिकाको दफा ४१ (३) मा उद्यमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अङ्कको २० प्रतिशत सम्म जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा कार्यालयले व्यहोर्ने उल्लेख छ र यसरी हस्तान्तरण भएका प्रविधिहरुको उपयोगको विवरण कार्यालयमा पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले कोशेली घर साझेदारी कार्यक्रम अन्तर्गत खरिद गरेका सामाग्री मध्ये रु. २,३१,८००।०० संघीय लघु उझम कार्यक्रमको प्रविधि हस्तान्तरण शिर्षकबाट खरिद गरेको छ । पालिकाले उक्त सामग्रीहरु हस्तान्तरण गर्दा निर्देशिका अनुरुप २० प्रतिशत रकम रु. ४६,३६०।०० असुल गरी संघीय राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,३०,१६९ |

८२ **आन्तरिक आय तर्फ**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| कुल खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २६,९७,३५,१३०.८१ | १,३५,२०,११२.०० | ५.०१ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५.०१ प्रतिशत मात्र रहेको छ । श्रोत साधनको अभावमा माग अनुरुप विकास निर्माण र सेवाप्रवाह संकुचन हुने अवस्थाको समाभान गर्न अधिकारक्षेत्र भित्रका संभाव्य करका दायरा विस्तार गरि पालिकाको आन्तरिक आय सङ्कलनलाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । आन्तरिक आय सम्बन्धी थप व्यहोरा देहायअनुसार छ ।

८२.१ **फरक शिर्षकमा आय अनुमान तथा दाखिला** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ वमोजिमको स्थानीय राजश्व परामर्श समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्वको स्रोत, दायरा, क्षेत्र तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने कर तथा गैरकर राजश्व, सेवा शुल्क, दस्तुर आदिको दर, राजश्व प्रशासन सुधार तथा राजश्व सम्वन्धी आवश्यक कानुनको तर्जुमा, संशोधन, परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने उल्लेख छ । त्यस्तै सोही दफाको ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्ने उल्लेख छ। उल्लिखित अनुसार राजश्व परामर्श प्राप्त भई सन्तुलित रुपमा आम्दानी प्रक्षेपण नगरी एकमुष्ठ ११६९१ - अन्य कर राजश्व शिर्षकमा रुपमा रु. २,९१,००,०००.०० अनुमान गरेकोमा प्राप्त रु. १,३५,२०,११२.०० (४६.४६ प्रतिशतमात्र) लाई सम्वन्धित आर्थिक सँकेत भन्दा फरक राजश्व सँकेतमा दाखिला गरेको समेत पाईयो। जसको कारण वास्तविक आम्दानी भन्दा वढी अनुमान भएको वा प्राप्त हुनु पर्ने आम्दानी पालिकाले प्राप्त नगरेको सम्वन्धमा एकिन नहुने र निर्धारण भएको वजेट तथा कार्यक्रममा समेत स्रोतको कमि भई सञ्चालन अनिश्चितता वढ्न पुग्दछ। आम्दानी तथा वजेट वास्तविक र सन्तुलित हुने गरी राजश्व अनुमान तथा प्राप्ति हुनु पर्दछ।

| प्राप्तिको श्रोत | अनुमानित आय | आम्दानी |
|---|---|---|
| ११३१३ - सम्पती कर | ० | ५२५० |
| ११३१४ - भुमिकर/मालपोत | ० | १९१४७५९ |
| ११३१७ - वहाल कर | ० | ७९६९६९ |
| ११३१८ - वहाल विटौरी कर | ० | ३४७५९० |
| ११६११ - व्यवसायले भुक्तानी गर्ने | ० | १५० |
| ११६३१ - कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | ५५०० |
| ११६९१ - अन्य कर | २९१००००० | ५९६३३ |
| १४२१३ - अन्य बिक्रीबाट प्राप्त रकम | ० | २१९०० |
| १४२१८ - विद्युत सेवा शुल्क | ० | ९५० |
| १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | ० | ३७२५० |
| १४२२१ - न्यायिक दस्तूर | ० | २८२५ |
| १४२२३ - शिक्षा क्षेत्रको आम्दानी | ० | २५० |
| १४२२४ - परीक्षा शुल्क | ० | ५४५०० |
| १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ० | २१९९५० |
| १४२४१ - पार्किङ्ग शुल्क | ० | १५००३०० |
| १४२४२ - नक्सापास दस्तुर | ० | ३४८५५३ |
| १४२४३ - सिफारिश दस्तुर | ० | १०७५७२४ |
| १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | ० | १७३७५० |
| १४२४५ - नाता प्रमाणित दस्तुर | ० | १६२८९९ |
| १४२४९ - अन्य दस्तुर | ० | १७४२३८३ |
| १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | २६८९२१७ |
| १४२६२ - विद्युत सम्बन्धी दस्तुर | ० | ८७५० |
| १४३१२ - प्रशासनिक दण्ड, जरिवाना र जफत | ० | ५८८७६ |
| १४५२१ - प्रदुषण नियन्त्रण शुल्क | ० | ६०० |
| १४५२९ - अन्य राजस्व | ० | ८९४४०६ |
| १४६११ - व्यवसाय कर | ० | ४३७४६४ |
| १५१११ - बेरूजू | ० | ९५९७१५ |
| **जम्मा** | **२९१०००००** | **१३५२०११२** |

८२.२ **राजश्व अभिलेख** - नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचा अनुसार वित्तिय विवरण सम्वन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्वन्धित

आय शिर्षक जनाइ कम्प्युटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म. ले. प. फारम नं. २१२ राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र म. ले. प. फारम नं. २१३ को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिएन। अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ।

८२.३ **राजश्व अभिलेख निरीक्षण नभएको** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सो को अभिलेख अद्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको पाईएन । कार्यालयमा प्राप्त हुनुपर्ने सबै राजस्व प्राप्ति भई कानुनी प्रकृया पुरा गरी समयमै दाखिला भएको छ भन्ने अवस्था रहेन । पालिकाले प्रकृयामा सुधार गरी राजश्व आम्दानी व्यवस्थित हुनु पर्दछ । पालिकाबाट यस वर्ष आन्तरिक आय रु. १,३५,२०,११२।०० प्राप्त गरेकोमा सेवा प्रवाहसँग भिडान हुने गरी राजश्व सम्वन्धि म.ले.प. फा. नं. नराखेको र प्राप्त आम्दानी तथा प्राप्त हुनुपर्ने आम्दानी सम्बन्धमा परीक्षण भिडान गर्ने आन्तरिक नियन्त्रण पद्धति नभएकोले प्राप्त हुनुपर्ने रानश्व सम्बन्धमा यकिन हुन सकिने अवस्था छैन ।

८२.४ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कर रु. २६,८९,२१७।०० सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसले गर्दा व्यावसायी दर्ता तथा राजस्व लगतको अवस्था पुर्ण रुपमा यकिन हुन सकेन । पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

८२.५ **सामुदायिक वनबाट आय** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन ।

८३ **प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी आय ठेक्का व्यवस्थापन**

पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ३ खोलाको वातावरणीय प्रभाव परीक्षण (IEE) प्रतिवेदनको लागि परामर्श सेवा खरिदमा रु. २० लाख वजेट विनियोजन गरि रु. १९,६९,०१७.०० खर्च गरेको देखियो । वन तथा वातावरण मन्त्रालयवाट २०८१।३। १९ मा स्वीकृत भएको प्रतिवेदनको लागु हुने अवधि ३ वर्ष रहेको र कुल २०६५३० घनमिटर सञ्चितिको ८० प्रतिशत १६५२२४ घनमिटरसम्म उत्खनन गर्न सकिने परिमाणमा १० प्रतिशत ढुङ्गा, ७० प्रतिशत गिट्टी र ग्राभेल र २० प्रतिशत वालुवा रहने उल्लेख छ । त्यस्तै उत्खनन कार्य आश्विन देखि जेष्ठ महिना गरी ९ महिना अर्थात २७० दिन गर्न सकिने व्यहोरा समावेश रहेको छ । पालिका क्षेत्रमा पुर्वाधार निर्माण कार्य भैरहेकोमा अध्ययन पुर्व अमानतमा आम्दानी प्राप्त गरेको देखिएन साथै अवैध उत्खनन नभएको नियन्त्रण व्यवस्था रहेको देखिएन । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा अध्ययन प्रतिवेदन कार्यान्वियन हुनेगरी उल्लेखित परिमाणको आय ठेक्का व्यवस्थापन गरी आम्दानी प्राप्त गर्नु पर्ने देखिन्छ ।

| क्र.सं. | विवरण | कुल परिमाण (घनमिटर) | उत्खनन परिमाण (घनमिटर) | दैनिक उत्खनन परिमाण (घनमिटर) |
|---|---|---|---|---|
| १ | मलेठ खोला | ९२२८० | ७३८२४ | २७३.४२ |
| २ | गंगाजली खोला | १००७५० | ८०६०० | २९८.५२ |
| ३ | अमाहा-टेगरा | १३५०० | १०८०० | ४० |
| | **जम्मा** | **२०६५३०** | **१६५२२४** | **६११.९४** |

८४ **स्थानीय तहको आन्तरिक राजश्वको परिचालन**

नेपालको संविधान, २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहहरुलाई प्राप्त भएका कर, शुल्क, सेवा शुल्क, दस्तुर, वस्तु तथा सेवा बिक्री, रोयल्टी आदि राजश्वका अधिकारहरुको प्रयोग गर्न पालिकाले राजश्व प्रशासनलाई प्रभावकारी बनाउने र आफ्नो करका दायरालाई विस्तार गरि आफ्नो अधिकार क्षेत्रका संभाव्य सबै कर, शुल्क तथा दस्तुर संकलन गर्ने प्रयास गर्नुपर्दछ। राजश्व अभिवृद्धिका लागि हालसम्म यस नगरपालिकाले कुनै पहल शुरु गरेको पाईएन। सरसफाई शुल्क, विज्ञापन कर, आर्थिक वर्षको सुरुमा नदिजन्य ठेक्का व्यवस्थापन, जग्गा वर्गिकरण गरी राजश्व व्यवस्थापन प्रणालिमा जग्गाको सम्पुर्ण विवरण अद्यावधिक गरी जग्गाको मालपोत दस्तुर र सम्पत्ति करको प्रयोग, माछा पोखरी, पिकनिक स्पट व्यवस्थापन लगायत क्षेत्रवाट पालिकाले आम्दानी प्राप्त गर्न सक्ने देखिएकोले आवश्यक पहल गर्नु पर्दछ । पालिकाले प्राप्त गरेका आन्तरिक आम्दानीका केही स्रोत र प्राप्ती अवस्था निम्नानुसार रहेको छ ।

| क्र.सं. | स्रोत | रकम रु. |
|---|---|---|
| १ | एम्वुलेन्स | ९५२००० |
| २ | भ्याकुलोडर | २८०५०० |
| ३ | पानी ट्याङ्की | २१५०० |
| ४ | जे.सि.वि. | १५०००० |

८५ **आय ठेक्कामा मूल्य अभिवृद्धि कर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(३) अनुसार स्थानीय तहले आय ठेका लगाउँदा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्छ। पालिकाले यस वर्ष सवारी पार्किङ्ग, हाटकर लगायत आन्तरिक आम्दानीको ठेक्का सम्झौता अनुसार मूल्य अभिवृद्धि कर समेत रु. १९,३०,९००.०० प्राप्त गरेकोमा सोमा समावेश मूल्य अभिवृद्धि कर संघीय संचित कोषमा दाखिला गरेको देखिएन । ऐन अनुसार आय ठेक्का सम्झौतामा समावेश भएको मूल्य अभिवृद्धि कर संघीय संचित कोषमा दाखिला गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,२२,१३९ |

८६ **सामाजिक सुरक्षा कार्यक्रम**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता रणनिति २०७४, सामाजिक सुरक्षा भत्ता वितरणको कार्यविधि २०७७ को प्रावधान वमोजिम गर्नुपर्ने व्यवस्था छ।नगरपालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट प्राप्त वजेट रु १०,१७,९१,४६६/- मध्ये रु. १०,१४,४६,९५२/- खर्च भई रु. ३,४४,५१४-/ सँघिय सञ्चितकोष फिर्ता भएको छ । सामाजिक सुरक्षा भत्ता वितरणको कार्यविधि २०७७ को वुदा नं. २१ अनुसार सामाजिक सुरक्षा भत्ता वैँक मार्फत वितरण भएको देखिएको छ ।कार्यविधी वमोजिम सामाजिक सुरक्षा विवरण गरि कार्यक्रम कार्यान्वयन हुनुपर्ने।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : सप्तकोशी नगरपालिका, सप्तरी , सप्तकोशी नगरपालिका , सप्तरी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राजकपुर चौलागाई | २०७९-१२-२२ | २०८०-१०-१९ |
| कार्यालय प्रमुख | रामदेव चौधरी | २०८०-१०-२८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | कबिता बस्नेत | २०८०-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७१७,१३५ | १,४८८,१०० | ४,५३८,३७३ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ६,७४३,६०८ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २०६,९६६ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ६,५३६,६४२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ६६७७९००७.६७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ११९०८९१३१९.४४ | **चालु खर्च** | २१०५५९४८९.२९ |
| **प्रदेश सरकारबाट अनुदान** | ६३१९०००.० | **पूँजीगत खर्च** | ५९१७५६४१.५२ |
| **राजश्व बाँडफाँट** | ६८५२३६८७.१३ | **वित्तीय/अन्य व्यवस्था** | १०८४१५५१२ |
| **आन्तरिक आय** | १३५२०१११.५२ | | |
| **अन्य आय** | १०६७३७२६१.९ | | |
| **कुल आय** | ३८५९९१३७९.९९ | **कुल खर्च** | ३७८१५०६४२.८१ |
| **बाँकी मौज्दात** | | ७४६१९७४४.८५ | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ।

- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वियन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ। पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।